**बाढीपहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



**जनहितमा जारी सन्देश**

- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा-फट्याङ्ग्राको प्रकोप बढ्छ ।
- आफ्नो घर-आँगन तथा नगर सफा राखौं । सरसफाइ सभ्यताको प्रतीक हो । दैनिक व्यायाम गरौं, स्वस्थ र नीरोग रहौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३७ ❖ २०८१ साउन १५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 30 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२८


## पर्सामा आठ हजार ७४ मुद्दा फछ्र्याेट

प्रस, परवानीपुर, १४ साउन/

पर्सा जिल्ला अदालतले गत आव २०८०/८१ मा आठ हजार ७४ मुद्दा फछ्र्याेट गरेको छ । गत आवको कुल १४ हजार १६६ मुद्दामध्ये ५६.९९ प्रतिशत अर्थात् आठ हजार ७४ मुद्दा फछ्र्याेट गरेको अदालतका श्रेस्तेदार धनेन्द्र अधिकारीले जानकारी दिए ।

आव २०७९/८० बाट जिम्मेवारी सरिआएका मुद्दा छ हजार ८६५, २०८१ असार मसान्तसम्म नयाँ दर्ता मुद्दा सङ्ख्या सात हजार ३०१ गरी कुल १४ हजार १६६ मुद्दामध्ये त्यति मुद्दा फछ्र्याेट भएको जनाइएको छ ।

त्यसैगरी, २०८१ असारसम्म चालू मुद्दा सङ्ख्या छ हजार ९२ रहेको बताइएको छ । त्यसैगरी, फरक मुद्दा



तस्वीरः फाइल

व्यवस्थापन (डिफरेन्ट केस मैनेजमेन्ट) पूर्वका फछ्र्याेट मुद्दा सङ्ख्या २९८ र डिसिएम पूर्व चालू मुद्दा सङ्ख्या २५ (१३) रहेको बताइएको छ । यसैगरी, २०८१ असार मसान्तसम्म दुई वर्ष पुगेको मुद्दाको सङ्ख्या दुई हजार ८६९, दुई वर्षसम्म फछ्र्याेट मुद्दाको सङ्ख्या दुई हजार ४२६, दुई वर्षे चालू मुद्दा सङ्ख्या ४४३, दुई वर्ष पुग्न सक्ने मुद्दाको सङ्ख्या एक हजार ८२६ रहेको बताइएको छ ।

## नारायणी अस्पतालको १० करोड बजेट फ्रिज

प्रस, परवानीपुर, १४ साउन/

नारायणी अस्पताल वीरगंजको गत आवमा करीब १० करोड बजेट फ्रिज भएको छ । नारायणी अस्पतालको गत आव २०८०/८१ को लागि नेपाल सरकारबाट कुल ४३ करोड २७ लाख ८८ हजार ९९५ बजेट विनियोजन भएकामा गत असार मसान्तसम्म ३३ करोड २९ लाख ९७ हजार ६८ मात्र खर्च भएको छ ।

अर्थात् नौ करोड ९७ लाख ९१ हजार ९२७ खर्च नभई सो रकम फ्रिज भएको कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साले जनाएको छ । नारायणी अस्पताल


तस्वीरः फाइल

वीरगंजमा विभिन्न योजना, परियोजनामा विवाद र अदालती मुद्दा मामिला चलिरहेकाले बजेट फ्रिज भएको भएको हो ।

## एलएस न्यूरो अस्पतालमा उपचाररत मुखियाको मृत्यु

प्रस, परवानीपुर, १४ साउन/

बारा, परवानीपुर गाउँपालिका-५ बहुअरीस्थित एलएस न्यूरो अस्पतालमा उपचाररत बारा फेटा गाउँपालिका-३ बेनौलीका सिकेन्द्र मुखिया बिनको मृत्यु भएको छ ।

सोमवार बिहान सात बजे उनको मृत्यु भएको हो । केही दिनअघि गाउँमैं मोटरसाइकल दुर्घटनामा परी टाउकोमा गम्भीर चोट लागेको मुखियाको भेन्टिलेटरमा उपचार भइरहेको अवस्थामा मृत्यु भएको हो । उनको टाउकोमा रगत जमेकोले उनको स्थिति स्थिर बनाएर शल्यक्रिया गर्ने अस्पतालको तयारी थियो । तर गएराति अचानक अक्सिजनको मात्रा घट्दै गएपछि उनको अवस्था सिकिस्त भएको थियो ।

उनको मृत्यु भएपछि परिवारजनले अस्पतालको लापरवाहीले मृत्यु भएको आरोपसमेत लगाएका छन् । उपचार भइरहेको बेला अस्पतालले प्रभावकारी



तस्वीरः फाइल

उपचार नगरेको तर रेफर गर्नुपर्ने बिरामीलाई अस्पतालले आफ्नै अस्पतालमा उपचार गरी उनको उपचारमा लापरवाही गरेको परिवारजनको आरोप छ । उनलाई ठक्कर दिने मोटरसाइकल चालकको वीरगंजस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ भने मोटरसाइकल बारा प्रहरीको नियन्त्रणमा छ ।

एलएस न्युरो अस्पतालमा उपचारमा लागेको खर्च पनि बाँकी रहेको अस्पताल व्यवस्थापन पक्षले जनाएको छ ।

## भेडेटारलाई हिल स्टेशन बनाउन २० करोडमा स्काइवाक टावर सञ्चालन



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १४ साउन/

पूर्वी नेपालको धनकुटा जिल्लाको भेडेटारमा रु २० करोडको लगानीमा स्काइवाक टावर सञ्चालनमा आएको छ । कोशी प्रदेशको भेडेटारलाई हिल स्टेशन बनाउन वान्टडर्स अम्युजमेन्ट पार्क एट्राक्सन प्रालिको लगानीमा सो स्काइ वाक टावर सञ्चालनमा आएको हो ।

एक वर्षदेखि काठमाडौंको कमलादी र इलामको कन्याममा सो कम्पनीले स्काइवाक टावर यसअघि सञ्चालनमा ल्याइसकेको छ । नेपालकै पहिलो पिपिपी मोडेलमा सञ्चालन भएको सो टावरबाट उठ्ने राजस्व र मनोरञ्जन करमा ४५ प्रतिशत साँघुरीगढी गाउँपालिका र धरान उपमहानगरपालिका र ५५ प्रतिशत असुल गर्ने समझदारी भएको छ भने कोशी प्रदेशले सो टावरले गर्ने खुद मुनाफाको पाँच प्रतिशत रोयल्टी लिने समझदारी भएको छ ।

साँघुरीगढी गापा-४ मा निर्मित सो टावरको भाग धरान उपमहानगरपालिका क्षेत्रमा पर्ने भएकोले दुवै स्थानीय तहलाई सो आयोजनाको साझेदारको रूपमा जोडिएको लगानीकर्ता कम्पनीका सञ्चालक सञ्जीव रोकाहाले जानकारी दिए । साढे १८ मिटर लम्बाइको टावरको उचाइ ४१ फिट रहेको बताइएको छ । पहिलेदेखि नै हिल स्टेशनको रूपमा परिचित भेडेटारमा इटहरी, विराटनगर र भारतीय पर्यटकलाई लक्षित गरी टावर सञ्चालनमा ल्याइएपछि सो क्षेत्रमा पर्यटकको आवागमन बढ्ने विश्वास व्यक्त गरिएको छ । एकैचोटी सो टावरमा ५० जनाको समूहले अवलोकन र सीसाबाट वनजङ्गलको दृश्यावलोकन गर्ने थ्रिलिङ एवं एडभेन्चर्स फिल गर्नको लागि सो टावरमा लगानी गरिएको लगानीकर्ताले बताएका छन् ।

## ब्रिटानिया नेपालद्वारा परवानीपुर विद्यालयमा सहयोग

प्रस, परवानीपुर, १४ साउन/

वीरगंज-२१ परवानीपुरमा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा ब्रिटानिया नेपालले आर्थिक सहयोग गरी भौतिक संरचना विकास गरेको छ । सामाजिक उत्तरदायित्व वहन गर्दै परवानीपुरमा सञ्चालित ब्रिटानिया नेपालले दुईवटा शौचालय निर्माण गर्नुका साथै दुईवटा कक्षाकोठाको पनि मरम्मतसम्भार गरेको प्रधानाध्यापक रामेश्वर साहले जानकारी दिए ।

साहका अनुसार शौचालय नहुँदा शिक्षक, विद्यार्थीले समस्या भोग्नुपरेको थियो । २१ नं वडाका अध्यक्ष राधाकृष्ण रौनियारको पहलमा ब्रिटानियाले सो सहयोग गरेको उनले बताए । नवनिर्मित शौचालय र भवनको उद्घाटन ब्रिटानियाका महाप्रबन्धक सन्दीप बंसलले


तस्वीरः प्रतीक

गरेका थिए । सो अवसरमा ब्रिटानिया नेपालका एचआर मैनेजर विनोद साह, अभिभावक, शिक्षक, स्थानीयको सहभागिता थियो ।

## पालिकाको आधारमा सामुदायिक विद्यालयले वर्षे बिदा दिंदै

ओमप्रकाश चौधरी, सेढवा, १३ साउन/

पर्सा जिल्लाका सामुदायिक


तस्वीरः फाइल

विद्यालयहरूले पालिकाका आधारमा फरकफरक समयमा वर्षे बिदा दिएका छन् ।

कुनै पालिकाका सामुदायिक विद्यालयहरूमा अहिलेसम्म वर्षे बिदा शुरू भएको छैन भने कुनै पालिकामा वर्षे बिदा सकेर विद्यालय सञ्चालनमा आएका छन् । कुनै पालिकाका सामुदायिक विद्यालयहरूमा वर्षे बिदा चलिरहेको छ ।

पर्सागढी नगरपालिकाका सामुदायिक विद्यालयहरू वर्षे बिदापछि साउन ८ गतेदेखि विद्यालय सञ्चालनमा आएका छन् । सो नगरपालिकामा सामुदायिक विद्यालयमा असार १६ देखि साउन ७ गतेसम्म वर्षे बिदा दिइएको थियो ।

त्यस्तै, जीराभवानी गाउँपालिकामा पनि वर्षे बिदापछि सोमवारदेखि विद्यालय सञ्चालनमा आएका छन् । यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा असार १७ देखि साउन १२ गतेसम्म वर्षे बिदा दिइएको थियो ।

उता सखुवाप्रसौनी गाउँपालिकाका विद्यालयहरूमा हालसम्म वर्षे बिदा शुरू भएको छैन । यहाँका सामुदायिक विद्यालयहरूमा अहिले प्रथम त्रैमासिक परीक्षा सञ्चालन भइरहेको दीपनारायण नमूना मावि औराहा पंचगावाँका प्रधानाध्यापक शिवनाथप्रसाद महतोले बताए । यहाँका सामुदायिक विद्यालयहरूमा साउन १५ देखि भदौ ८ गतेसम्म वर्षे बिदा हुने प्रअ महतोले बताए ।

यता पोखरिया नगरपालिकाका सामुदायिक विद्यालयमा असार २७ देखि साउन २० गतेसम्म वर्षे बिदा दिइएको छ ।

यता पटेर्वासुगौली गाउँपालिकाका सामुदायिक विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सकेर साउन १ देखि वर्षे बिदा दिइएको छ । यो पालिकाका विद्यालयहरू साउन २० देखि विद्यालय सञ्चालनमा आउने जनाइएको छ । त्यस्तै, धोबिनी र छिपहरमाई गाउँपालिकाका विद्यालयहरू सावन १ गतेदेखि बन्द गरिएका छन् ।


(बाँकी पाँचौं पातामा)


## खेस्राहाका गिरीको लद्दाखमा रहस्यमय मृत्यु

प्रस, परवानीपुर, १४ साउन/

पर्सा, पकाहामैनपुर गाउँपालिका-४ खेस्राहा बस्ने ४० वर्षीय वीरेन्द्र गिरीको भारतको लद्दाखमा रहस्यमय मृत्यु भएको छ ।

एक साता अघि घर निर्माणको क्रममा १० तलाबाट खसेर उनको मृत्यु भएको बताइए तापनि परिवारजनले उनको मृत्यु शङ्कास्पद रहेको जनाएका छन् ।

गिरीका भिनाजु पर्ने पकाहामैनपुर गापा-४ घर भई हाल छिपहरमाई गापा-३ जयमङ्गलापुर बस्ने अनिल गिरीको सो घटनामा संलग्नता रहेको वीरेन्द्र गिरीकी पत्नी निर्मला देवीले जिल्ला प्रहरी कार्यालय, पर्सामा दिएको उजूरीमा उल्लेख छ । सो घटना शङ्कास्पद रहेकोले छानबीन गरी दोषीलाई कारबाईको लागि उनले माग गरेकी छन् ।

निर्मलाले अनिलसँगै छिपहरमाई गापा-३ बस्ने सञ्जय गिरी, सोही ठाउँका विजय गिरी, कान्छाराउत गद्दी, अजय साह, महेश साहलगायत गरी छजनामाथि किटानी जाहेरी दिएकी छन् । चार दिनअघि उनको शव पर्सा ल्याएर दाहसंस्कार गरिएको छ । लद्दाख प्रहरीले दिएको प्रतिवेदन अनुसार घर निर्माणको क्रममा घटना भएर उनको मृत्यु भएको र उनको शल्यक्रियाको रिपोर्टपछि मृत्युको कारण यकीन हुने बताएको छ ।

**विचारसार र सुक्तिहरू**

जिन्दगी अप्ठेरो कर्तव्य निर्वहन हो । यसमा खुशी देखिनु खुशी हुनुभन्दा जरुरी हुन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# हठी उद्योगी, निरीह नागरिक

**जहाँ–जहाँ उद्योग छ, नागरिकले केही न केही सास्ती सहनुपरेको छ । यो सास्ती केही दुर्निवार हुन्छ भने केही मानवीय बेवास्ताले हुन्छ । उद्योग स्थापना भएपछि प्रदूषण सँगसँगै आउँछ । विभिन्न प्रकारका प्रदूषण–ध्वनि, वायु, जल, जमीन । त्यसैले लोककल्याणकारी सरकारले उद्योग स्थापना गर्नुपूर्व केही मापदण्ड निर्धारित गरेको हुन्छ। सकभर प्रदूषण न्यूनतम स्तरमा राख्ने, उद्योग वरिपरि कोहीकसै नागरिकलाई असह्य हुने वातावरण नबनाउने। उद्योग चल्दा कोलाहल हुन्छ, उद्योगमा कच्चा पदार्थ प्रशोधन गर्दा वायु, जल, जमीन सबैमा केही न केही मात्रामा प्रदूषण फैलन्छ । हुनत आजको अति वैज्ञानिक युगमा यस्ता प्रदूषण नियन्त्रण गर्ने थुप्रै उपकरणहरू विद्यमान छन् । तर प्रदूषणलाई आधुनिकताको अनिवार्य अङ्ग स्वीकार गरिसकेको हाम्रो मानसिकता तबसम्म आकुलव्याकुल हुँदैन, जबसम्म प्रदूषणले नेटो काट्दैन । यसको प्रत्यक्ष असर औद्योगिक करिडर भनिने वीरगंज–पथलैयाका बासिन्दाले भोगिरहेका छन्। यस क्षेत्रमा बग्ने जीवन्त नदी श्रीसिया खोला अहिले उद्योगहरूका लागि गटर (नाला) मा परिणत हुन पुगेको छ। श्रीसिया नदी प्रदूषित हुनाले यस भेगका बासिन्दाको धार्मिक, सांस्कृतिक जीवनमा बाधा त पुगेको छ नै, दोहोरो स्वास्थ्य हानि र दुर्गन्धले भौतिक क्षति पनि पुऱ्याइरहेको छ ।**

**पुरानो पुस्तालाई थाहा होला, श्रीसिया खोला त्यस ताका स्नान गर्ने, पौडी खेल्ने, माछा मार्ने केन्द्र हुने गर्दथ्यो । तर उद्योगहरूको स्थापनासँगै तिनका हानिकारक रसायनजन्य अवशिष्टले खोलामा ठाउँ पाएपछि स्नान गर्नु त टाढाको कुरा पानी छुँदा घाउ–खटिरा हुने भय उत्पन्न भएको छ । जलचर अब दुर्लभ देखिन्छन्, त्यो पनि बाढी आएको बेला मात्र । रामवनदेखि शुरू भएको यो खोला वीरगंजसम्म आएर भारत प्रवेश गर्दछ। भारतको रक्सौल नजीक रहेको सुन्दरपुरमा कुष्ठरोग निवारक केन्द्र छ, जसको छनोट नै श्रीसिया नदीको जडीबुटी मिसिएको पानी रोग–निवारक भनेर गरिएको हो। अब यो पानी त्यै रोगको घर बनेको छ। नेपालकै लाखौं मानिसको धार्मिक आस्थासँग यसको सरोकार रहेको छ । किनकि कात्तिक स्नान, छठ पूजा, तीज, ऋषि पञ्चमी, जनै पूर्णिमाको नदी/खोलासँग अन्योन्याश्रित सम्बन्ध छ। यी सबै धार्मिक र सांस्कृतिक चाड अब खुम्चिएर नल–धारामा सीमित भएका छन्। चाडपर्वहरू जनमैत्रीका व्यापक आधार हुन्; तर जन, समूहमा परिणत हुने ठाउँ नै मासिएपछि समाजमा व्यक्तिवादिता मात्र त हुने हो । आजको समाज त्यसभन्दा भिन्न कहाँ देखिएको छ र !**

**यस्तो कुरा होइन कि कसैलाई यसमा चासो छैन। तर चासो अन्तर्मनबाट उत्पन्न नभएर, बाह्य देखावामा समेटिन पुगेको छ । भर्खर वीरगंज महानगरपालिकाले नदी प्रदूषित बनाउने उद्योग परिसरमा आफ्नो फोहर फालेर रुष्ट प्रतिक्रिया दिएको छ । वीरगंज महानगर मात्र होइन, बितेका दिनमा सञ्चारमाध्यम, व्यक्तिविशेष, संस्था, राजनीतिक दलहरूले यस विषयमा सरोकार देखाएका हुन्, तर तात्कालिक मात्र। हाम्रो नागरिक समाज त विलक्षणको छ, नदी नभए कल–धारामा, अब त बाटामा पानी भरेर पनि छठपूजा हुन थालेको छ, आफ्नो काम चलाइरहेका छन् । नागरिकको यसै सदाशयताको फाइदा उद्योगहरूले उठाइरहेका छन् । र महानगरपालिकाले पूर्ण शक्तिले प्रदूषण निरोध गर्नुपर्नेमा हलुको धम्की दिने कामले दशकौंदेखि मैमत्ता भएर वातावरण बिगारिरहेका उद्योगलाई यसले के असर पार्ला ?**

# काङ्ग्रेस र एमालेको सरकारले केही नाप्ला र ?

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**'तमसोमा ज्योतिर्गमय'मा सरकारको ध्यान जाओस् । नेपाल राजनीतिक अस्थिरतामा विश्व च्याम्पियन होइन, बरु छोटो अवधिमा देशलाई समृद्धिको शिखरमा पुऱ्याउन विश्व च्याम्पियन हुन्छ भन्ने सन्देश गठबन्धन सरकारले दिनुपर्छ । नागरिकको चाहना पनि यही हो ।**

कुनै पनि मुलुकको विकासमा व्यवस्थाभन्दा पनि त्यस व्यवस्थाभित्रका पात्रहरू इमानदार भए पुग्छ । ४० वर्ष अगाडि हाम्रो देशको अवस्थासँग अन्य देशको तुलना गर्ने हो भने, ती देशहरूको अवस्था जर्जर थियो आज तिनै देशहरू विश्वका अति आर्थिक वृद्धिदर भएका मुलुकमा गनिन्छन्। ताइवान, दक्षिण कोरिया, दक्षिण अफ्रिका, भियतनाम, युगान्डा, इस्ट टिमोर आदि। र ती सबै देशमा आआफ्नै किसिमका लोकतान्त्रिक व्यवस्था विद्यमान छन् तर ती सबै देशमा नेतृत्वको इमानदारी, कर्तव्यनिष्टता, देशप्रेमको भावनाले ओतपोतको सम्मिश्रणाले ती देशहरू आज विश्वमानचित्रमा विकसित देश बन्न सक्षम भएका छन्, न कि व्यवस्थाले मात्र। व्यवस्था त मात्र साधन हो, साध्य त पात्रहरू नै हुन् ।

भर्खरै फ्रान्सबाट प्रकाशित हुने एउटा दैनिक पत्रिका 'ले मोन्डे'ले नेपालमा सरकार परिवर्तन भएसँगै 'नेपाल राजनीतिक अस्थिरतामा विश्व च्याम्पियन' भन्ने शीर्षक राखी समाचार प्रकाशित गरेको थियो । शीर्षक अलि व्यङ्ग्यात्मक लागे पनि १५ वर्षको अवधिमा १४ जना प्रधानमन्त्री फेरिने देशलाई पत्रिकाले त्यसरी व्यङ्ग्य गर्नु अस्वाभाविक थिएन । औसतमा वर्षको एकजना प्रधानमन्त्री फेरिने देश नेपालबाहेक सम्भवत: विश्वमा अरू छैन होला । जबकि राजनीतिक स्थिरता भइदिएको भए यस अवधिमा जम्मा तीनजना प्रधानमन्त्री हुनुपर्थ्यो ।

नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि कुनै पनि प्रधानमन्त्रीले पाँच वर्षे कार्यकाल पूरा गर्न पाएनन् । २०४८ र २०५६ को निर्वाचनमा नेपाली काङ्ग्रेसले एकल बहुमत ल्याए पनि दलभित्रको आन्तरिक किचलो हाबी भएर पाँच वर्ष नपुग्दै प्रधानमन्त्री फेरिए । गणतन्त्रको स्थापनापश्चात् २०७४ को निर्वाचनमा तत्कालीन नेकपाले झन्डै दुई तिहाइको हाराहारीमा सिट जित्दा पनि प्रधानमन्त्रीले पाँच वर्षे कार्यकाल पूरा गर्न पाएनन् । बरु तत्कालीन एमाले र माआवादी मिलेर बनेको नेकपा नै फुट्यो। राजनीतिक संस्कार भएन भने दलको एकल बहुमत भएर मात्र पनि स्थायी सरकार नहुँदो रहेछ भन्ने विगतका यी उदाहरण पर्याप्त छन्। तथापि स्थिरताका लागि एकल बहुमतबाहेक अर्को राम्रो विकल्प पनि त छैन ।

नेपालमा अस्थिर सत्ता राजनीतिको दुष्चक्र लामो समयदेखि चलिरहेछ। यस्तो अवस्थामा जनजीविकाका विषय सबै छायामा पर्छन्। अधिकार कुण्ठित हुन्छन्। विकास निर्माणमा ढिलासुस्ती हुन्छ । राजनीतिक परिवर्तन भएपनि आर्थिक परिवर्तन भएन भन्ने नागरिकको गुनासो छ। जब दलहरूमा सत्ता टिकाउने कुरा नै प्रमुख एजेन्डा बन्छ, तब विकास निर्माणका काम छायामा पर्नु स्वाभाविक हो। स्वाभाविक नभए पनि स्वाभाविक मानिदिनुपर्ने भयो। जनताले दलहरूप्रति असन्तुष्टि व्यक्त गर्ने प्रमुख विषय पनि यही पटकपटक सत्ता परिवर्तनको विषय रह्यो । सत्ता परिवर्तनका अप्राकृतिक खेलले नै दल र जनताका बीच दूरी बढायो ।

झिनो बहुमतको सत्ता अस्थिर हुन्छ। अस्थिर सत्ताले दलहरूलाई आलोचित बनाउँछ । २०४६ सालदेखि नै राजनीतिलाई संसदीय अङ्कगणितले पटकपटक बदनाम गराइरहेछ । जति झिनो बहुमत उति धेरै साना दलले बार्गेनिङ गर्ने मौका पाए। राजनीतिक बार्गेनिङले संसदीय राजनीतिमा धब्बा लाग्यो । यो धब्बा मेट्न बलियो अङ्कगणितसहितको स्थिर सरकारको विकल्प थिएन । यस्तो धरातलीय अवस्थामा दुई ठूला राजनीतिक दल मिलेर सरकार बनाउँदा स्थिरताको आशादीप बल्नु स्वाभाविक छ। पटकपटक सरकार बदलेर दलका क्रियाकलापप्रति नै प्रश्न उठी नागरिकमा वितृष्णाको पहाड बनेको बेला त्यो वितृष्णाको पहाड हटाइ आशाको दियो बाल्न बलियो अङ्कगणित सक्षम हुनुपर्छ । लामो समयदेखि संसदीय अङ्कगणितप्रतिको नागरिकको वितृष्णालाई यो सरकारले पूर्णविराम लगाउन सक्नुपर्छ।

लोकतन्त्रको आगमनपछि आजसम्म आउँदा देशमा १७औं प्रधानमन्त्रीको रूपमा हामीले केपी शर्मा ओलीलाई तेस्रोपटकको लागि पाएका छौं । मन्त्रिमण्डलकै आलोपालोले देश जर्जर र निकम्मा हुन पुगेको छ। तथापि मानिसले कहिल्यै त्याग्न नहुने कुरा भनेको नै आशा हो । हेरौं, अब यो ओली सरकारले देशलाई के चाहिं गरि हाल्छ र !

सरकार गठन भएलगत्तै नेकपा (एमाले)ले प्रधानमन्त्री ओलीलाई ९९ बुँदे सुझाव प्रतिवेदन बुझायो। आफ्ना विभिन्न २८ विभागबाट प्राप्त सुझाव अध्ययन गरेर प्रतिवेदनको रूपमा बुझाइएको हो। सरकारलाई बुझाएको एमालेका सुझावमा विभिन्न आयाम छन् । आफ्नो दलको तर्फबाट एमाले महासचिव शङ्कर पोखरेलले प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गर्नुभएको प्रतिवेदन उपमहासचिव प्रदीप ज्ञवालीको नेतृत्वमा गठित कार्यदलले दलका विभिन्न विभागसँगको समन्वयमा तयार गरेको थियो । यद्यपि यी सबै यिनीहरूको कर्मकाण्डी काम नै हो भनी आम बुझाइ छ ।

सुझावमा नेपाल सरकारले तत्काल चाल्नुपर्ने कदम र आगामी तीन वर्षभित्र गर्नुपर्ने कामको सूचीसहित विस्तृत विषय समावेश गरिएको छ। सुशासन, विकास निर्माणका काममा तीव्रता, रोजगार सिर्जना, आर्थिक शिथिलताको अन्त्य, अर्थतन्त्र चलायमान बनाउँदै उच्च आर्थिक वृद्धि हासिल, सेवाप्रवाहमा सहजता र झन्झटिलो प्रशासनिक प्रक्रियालाई अन्त्य गर्ने विषयसँगै सामाजिक न्याय र सुरक्षाका विषय समावेश छन् ।

यस्ता सुझाव सरकारका सबै मन्त्रालयलाई गतिशील बनाउने, सेवाप्रवाहमा सक्रिय बनाउनेदेखि परिणाममुखी कार्यसम्पादनमा सघाउ पुऱ्याउन केन्द्रित रहेको एमालेको भनाइ छ। प्रधानमन्त्री ओलीले ती सुझाव ग्रहण गरेपछि अन्य राजनीतिक दलहरूबाट पनि यसरी सुझाव प्राप्त हुने अपेक्षासहित त्यसका लागि सार्वजनिक आह्वान गरेका छन् । 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने अठोटमा सबै दलले यस्तै सुझावका साथ रचनात्मक सहयोग पुऱ्याउने उनको अपेक्षा छ। यस्ता सुझाव सरकारका लागि काम गर्न मार्गदर्शन हुनेछन्। सरकारले पूर्ण गतिमा काम थाल्नुअघि नै दलका तर्फबाट सुझावहरू राख्नु उदाहरणीय कार्य हो। जनपक्षीय सेवाप्रवाहमा सरकारलाई सक्रिय बनाउन दलहरूका सुझाव उपलब्धिमूलक नै हुनेछन्। टीठलाग्दो कुरा के हो भने, के प्रधानमन्त्री ओलीले अरूको सल्लाह, सुझावलाई मान्लान् त ! यिनको नाम नै टुक्का बाजे हो ।

नेपाली राजनीतिमा विरोधका लागि विरोध गर्ने प्रवृत्ति छ। कुनै सरकार बने लगत्तै उसका काम र परिणाम नहेर्दै विरोध वा आलोचना गर्ने प्रवृत्तिका बीच सुरुआतमैं सरकारलाई सुझाव पेश गर्ने कार्य प्रशंसनीय छ । हरेक दलले यसरी नै नयाँ सरकारलाई अग्रिम सुझाव दिएर नयाँ संस्कार बसाल्न जरुरी छ । पहिले आफ्नो सुझाव दिनु र ती सुझावको कार्यान्वयन अवस्था हेरेपछि प्रतिक्रिया जनाउनु जायज हुन्छ ।

एमालेले प्रतिपक्षमा रहँदा पनि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको विगतको सरकारलाई सुझाव केन्द्रित ध्यानाकर्षणपत्र पेश गरेको थियो । एमालेले २०८० मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूरपश्चिमको झुलाघाटदेखि सुदूरपूर्वको चिवाभञ्ज्याङसम्म 'समृद्धिका लागि सङ्कल्प यात्रा' सम्पन्न गरेको थियो। यात्राका क्रममा जनताले माग गरेका, देखेका, भोगेका र अध्ययन गरेका समस्या पहिचान गरेर मध्यपहाडको विकासका लागि तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई ९ माघ २०८० मा ध्यानाकर्षणपत्र पेश गरिएको थियो, जसमा जनताबाट ७५१ वटा माग गरिएका र ती विभिन्न ४६ क्षेत्रसँग सम्बन्धित थिए ।

जनताका मागको प्राथमिकता हेर्दा सडक, शिक्षा, पर्यटन, कृषि तथा फलफूल, स्वास्थ्य, उद्योग, ऊर्जा, पुल, सिंचाइ, भवन निर्माण, संस्कृति संरक्षण तथा प्रवर्द्धन, भूमि व्यवस्था, बस्ती विकासलगायत छन्। त्यसैगरी, खेलकूद, जातीय विभेद तथा छुवाछूत, खानेपानीको व्यवस्थापन तथा स्रोत संरक्षण, भूकम्प प्रभावित क्षेत्रलगायत ठाउँहरूमा पुनर्निर्माण तथा पुनर्स्थापना, सुरुङमार्ग निर्माण, भूक्षय नियन्त्रण तथा तटबन्ध निर्माणलगायतका माग पनि प्राथमिकतामा छन्। यी सबै हामीले सुनेको नै वर्षौं भइसक्यो, होइन र ?

खासमा यस्ता सुझाव र ध्यानाकर्षणले कुनै पनि दल कमजोर हुँदैन । बरु बलियो नै हुन्छ । उनीहरूका एजेन्डा पारदर्शी हुन्छन्, जसबाट जनता बलियो हुन्छ। हरेक राजनीतिक दलको मुख्य कर्म देश र जनताको सर्वोत्तम हितमा समर्पित हुनु हो। देश र जनताको हितबाहेक दलहरूको अन्य कुनै उद्देश्य हुनुहुँदैन । आफूले पनि राम्रो काम गर्ने, अरूलाई पनि राम्रो काम गर्न प्रोत्साहन गर्ने क्रियाकलापले जनताको भलो हुन्छ। जनताको भलो हुने सन्दर्भमा यस्ता सुझावले अर्थपूर्ण काम गर्छन् ।

नेपाली राजनीतिमा हाबी प्रतिशोध र निषेधले कसैको हित गर्दैन । देश र जनताको सर्वोत्तम हितका लागि यस्ता प्रवृत्ति घातक हुन्छन् । यस्ता प्रवृत्तिको अन्त्य र नयाँ संस्कारको सुरुआत अहिलेको आवश्यकता हो । हरेक नयाँ सरकारलाई अग्रिम सुझाव दिने, ध्यानाकर्षण गराउने र त्यस्ता सुझाव कार्यान्वयनका लागि रचनात्मक सहयोग गर्ने संस्कारले लोकतन्त्रलाई थप सुदृढ गर्न र राजनीतिक स्थिरता कायम गर्न बल नै पुऱ्याउनेछ। हामीले बिर्सनुहुँदैन, अस्थिर राजनीति र छोटो समयमा फेरिने सरकारका कारण देशले निकै ठूलो क्षति भोगिरहेको छ। सरकारसँगै पटकपटक फेरिने नीतिले विकास ओझेलमा पर्दै गएको छ। यसको अन्त्यका लागि पनि नेपालमा राजनीतिक स्थायित्व जरुरी छ ।

अहिले सत्ता साझेदार प्रमुख ठूला दल नेकपा (एमाले) र नेपाली काङ्ग्रेसले अस्थिर राजनीतिबाट देशलाई मुक्त गर्दै समृद्धिको यात्रामा अघि बढाउन नयाँ विकल्पका साथ सहकार्य गरेको बताएका छन्। यही क्रममा सरकार सञ्चालनका लागि दुवै दलबीच भएका सात बुँदे सहमति सार्वजनिक पनि भएको छ। सहमतिको पहिलो बुँदामा आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन र देशमा राजनीतिक स्थायित्वका लागि अन्य राजनीतिक दललाई समेत सरकारमा सहभागी गराइ राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नेलगायत कुराहरू उल्लेख छन् । दुवै दलले सात बुँदे सहमतिलाई वर्तमान सरकार सञ्चालन, देश र जनताको समृद्धि तथा राजनीतिक स्थायित्वको मार्गचित्र भनेका छन्। यसको परीक्षण नै नगरी हतारमा नकारात्मक धारणा व्यक्त गर्नुको साटो हरेक दलले आआफ्ना अग्रिम सुझाव पेश गर्नु नै उत्तम उपाय हुन्छ ।

यस्तो प्रक्रियाले विकास, विस्तार र समृद्धिमा सबैको अपनत्व हासिल हुन्छ। नीतिगत सुधार, नयाँ नीतिको तर्जुमा, विचाराधीन विधेयकसम्बन्धी आआफ्ना दलका दृष्टिकोण र खासखास क्षेत्रमा आवश्यक पर्ने नयाँ कानूनको निर्माणका लागि दलहरूका दृष्टिकोण जनताले पनि थाहा पाउँछन्। जायज सुझाव कार्यान्वयन हुँदा सम्बन्धित दलको प्रतिष्ठा बढ्छ । सबैभन्दा ठूलो कुरा त देश र जनताको पक्षमा अघि बढ्न नैतिक दबाब सिर्जना हुन्छ ।

तपसिलका जतिसुकै एजेन्डामा बहस गरे पनि सरकारको अन्तिम लक्ष्य समृद्ध देश र सुखी तथा खुशी जनता हुनुपर्छ । जुनसुकै दलको सरकार बने पनि देश र जनतालाई केन्द्रमा राखेर काम गर्न सके त्यो सरकार लोकप्रिय र सफल हुन्छ । जुन सरकार नागरिकको मानव अधिकारप्रति प्रतिबद्ध भई काम गर्छ, त्यो सरकार असफल भएको संसारमैं उदाहरण छैन ।

अन्त्यमा,

दुई ठूला दल मिलेर दुई तिहाइको विश्वाससहित बनेको सरकारले देशमा शान्ति, समृद्धि र राजनीतिक स्थिरता कायम गरी जनताको अपेक्षा पूरा गर्न सके मात्र काङ्ग्रेस–एमाले गठबन्धनको औचित्य पुष्टि हुन्छ। लोकतन्त्रपछि देशमा केही हुँदै नभएको होइन तर अझै पनि अँध्यारा पाटा, खासगरी आर्थिक समृद्धिको पाटो बाँकी छ । 'तमसोमा ज्योतिर्गमय'मा सरकारको ध्यान जाओस्। नेपाल राजनीतिक अस्थिरतामा विश्व च्याम्पियन होइन, बरु छोटो अवधिमा देशलाई समृद्धिको शिखरमा पुऱ्याउन विश्व च्याम्पियन हुन्छ भन्ने सन्देश गठबन्धन सरकारले दिनुपर्छ । नागरिकको चाहना पनि यही हो ।

# प्रस्तावित निर्वाचन आयुक्त प्रधानद्वारा उम्मेदवारी फिर्ता

काठमाडौं, १४ साउन/रासस

निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानले आफूलाई प्रस्ताव गरिएको पदमा उम्मेदवारी कामय राख्न नचाहेको संसदीय सुनुवाइ समितिलाई जानकारी गराएका छन् ।

समितिलाई सोमवार पत्र लेख्दै उनले संवैधानिक परिषद्को सिफारिशप्रति निष्ठावान् रहँदारहँदै पनि आफूप्रति केन्द्रित दुष्प्रचारको माझमा सिफारिश भएको पदमा रहेर काम गर्ने हौसला र इच्छा बाँकी नरहेको स्पष्ट पारे ।

भविष्यमा राज्यले प्रदान गर्ने जुनसुकै जिम्मेवारीप्रति निष्ठावान् रहने वचनबद्धता व्यक्त गर्दै प्रधानले लेखेको पत्रमा भनिएको छ, "सिफारिश भएको निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिका लागि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# १५ जिल्लामा दुई लाख ७१ हजार गरीब परिवार सूचीकृत

काठमाडौं, १४ साउन/

सरकारले १५ जिल्लाका दुई लाख ७१ हजार ६४० गरीब परिवारको अन्तिम सूची स्वीकृत गरेको छ। यही साउन १० गते बसेको मन्त्रिपरिषद् बैठकले ओखलढुङ्गा, कञ्चनपुर, गुल्मी, दोलखा, धनुषा, नुवाकोट, पर्सा, बारा, बैतडी, मनाङ, मुस्ताङ, रूपन्देही, सप्तरी, सर्लाही र सिन्धुपाल्चोकका गरीब परिवारको सूची स्वीकृत गरेको हो ।

बैठकले सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सरावल गाउँपालिका–५ मा तीन हजार ६८० वर्गमिटर जग्गा १५ शय्याको आधारभूत अस्पताल भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले




जानकारी दिए ।

सरकारले कपिलवस्तुको शुद्धोधन गाउँपालिका अन्तर्गत बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि ०–१७–७ बिघा, लखरपाटा–खम्वागाडे–मुरमुरी–जामुन सुनकाँडा सडक निर्माणका लागि सर्खेतको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिकामा रहेको राष्ट्रिय वनको नौ दशमलव ३६ हेक्टर र नवलपरासी (बर्दघाट–सुस्तापूर्व)लाई प्रशासनिक भवन निर्माणका लागि विनयी त्रिवेणी गाउँकार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि सोही गाउँपालिका–२ मा रहेको छ रोपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले झापा, मोरङ, सुनसरी, सिराहा, सप्तरी, बारा, सर्लाही, नवलपुर, गोरखा, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया र कैलालीका १९ स्थानमा विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजना अन्तर्गत ३३/११ केभी सबस्टेशन निर्माणका लागि जग्गाप्राप्ति र तल्लो मोदी–नयाँ मोदी १३२ केभी प्रसारण लाइन आयोजना अन्तर्गत पर्वतमा शून्य दशमलव ९४७ हेक्टर जग्गाप्राप्ति गर्न स्वीकृति दिएको छ ।

सरकारले विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम–पहिलो चरण अन्तर्गत उपलब्ध हुने करीब रु १३ अर्ब ३३ करोड बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गरेको छ। बैठकले नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गरेको छ । यस्तै, नेपाल वन सेवा, जनरल फरेस्ट्री समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका एक कर्मचारीलाई प्रथम श्रेणीको सहसचिव (प्रा) पदमा बढुवा नियुक्ति गरेको छ ।

# मुस्ताङमा नयाँ प्रजातिको चरा भेटियो

म्याग्दी, १४ साउन/रासस

मुस्ताङमा तालुधर्से अर्जुनक नामको नयाँ प्रजातिको चरा भेटिएको छ । चराविद् सञ्जय था श्रेष्ठ र शङ्कर तिवारीले उपल्लो मुस्ताङको समर क्षेत्रमा नयाँ प्रजातिको चरा फेला पारेको नेपाल पक्षीविद् सङ्घले जनाएको छ ।

नेपाल बर्ड रेकर्ड कमिटी (चरा अभिलेख तथा प्रमाणीकरण गर्ने समिति) का अध्यक्ष डा तुलसी सुवेदीले श्रेष्ठ र तिवारीले उक्त तीनधर्से अर्जुनक जातको चरा नेपालमा पहिलोपटक भेटिएको विज्ञप्तिमार्फत जानकारी दिए । स्पोटेड फ्लाइक्याचर अङ्ग्रेजी नाम भएको उक्त



चराको वैज्ञानिक नाम मुसिकापा स्ट्रिएटा (Muscicapa Striata) रहेको कमिटीका अध्यक्ष सुवेदीले जानकारी दिए ।

समुद्री सतहबाट तीन हजार ६५० मिटर उचाइमा यही साउन २ गते बिहान पदयात्राका क्रममा श्रेष्ठ र तिवारीले खिचेका सो चराको तस्बिर पुष्टिका लागि नेपाल बर्ड रेकर्ड कमिटीमा पठाएका थिए ।

उपलब्ध प्रमाण, विवरण अध्ययन र राष्ट्रिय, अन्तर्राष्ट्रिय पक्षीविद्सँगको सुझावका आधारमा तालुधर्से अर्जुनक भएको पुष्टि गरी नेपालमा पाइने चराको अभिलेखमा प्रजाति थप गरिएको अध्यक्ष

(बाँकी चौथो पातामा)

# लघुवित्तको सेवा शुल्क घट्यो

काठमाडौं, १४ साउन/रासस

लघुवित्त संस्थाहरूले कर्जा प्रवाह गर्दा लिन पाउने सेवा शुल्कको सीमा घटाएका छन्। नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७९ लाई संशोधन गर्दै सेवा शुल्क घटाइएको हो ।

"कर्जा प्रवाह गर्दा स्वीकृत कर्जा रकमबाट तोकिएको सेवा शुल्कबाहेक अन्य कुनै प्रकारको रकम कट्टा गरी बचतको रूपमा राख्न पाइनेछैन," एकीकृत निर्देशनको संशोधनमा भनिएको छ, "कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा एक दशमलव तीन प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछन्। एक वर्षभन्दा कम अवधिका लागि कर्जा प्रवाह गरेको अवस्थामा वार्षिक एक दशमलव तीन प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्नेछन्।" यसअघि कर्जा प्रवाह गर्दा लघुवित्त संस्थाले स्वीकृत कर्जामा एक दशमलव पाँच प्रतिशतसम्म सेवा शुल्क लिन पाउने व्यवस्था थियो ।

विनाधितो सामूहिक जमानीमा यस अघि एउटा लघुवित्त संस्थाबाट मात्रै ऋण उपलब्ध हुने गरेकामा अब यस्तो कर्जा दुईवटासम्म लघुवित्त संस्थाबाट लिन पाइने भएको छ । "विनाधितो सामूहिक जमानीमा वा धितोको सुरक्षणमा लघुकर्जा प्रदान गर्दा यस व्यवस्था बमोजिमको कर्जा सीमा ननाघ्ने गरी एउटा ऋणीलाई अधिकतम दुईवटा लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्न सक्नेछन्," एकीकृत निर्देशिकामा भनिएको छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीबाट कर्जा लिएका ऋणी भने लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन योग्य हुने छैनन् ।

विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानीमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाइ प्रतिसमूह सदस्य बढीमा रु पाँच लाखसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा भने रु सात लाख सीमा कायम गरिएको छ । पारिवारिक जमानीमा प्रतिपरिवार रु २५ हजारसम्मको कर्जा मात्र प्रवाह गर्न सक्ने गरी नयाँ व्यवस्था राष्ट्र बैंकले ल्याएको छ ।

एकीकृत निर्देशिकामार्फत ग्राहक संरक्षण कोषसम्बन्धी व्यवस्थामा पनि परिमार्जन गरिएको छ। यस अघि खुद मुनाफाको एक प्रतिशत रकम र वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा सोभन्दा माथि प्रस्तावित लाभांशको ३५ प्रतिशतले हुने रकम ग्राहक संरक्षण कोषमा राख्नुपर्ने व्यवस्था थियो। नयाँ व्यवस्था अनुसार सम्बन्धित आर्थिक वर्षको खुद मुनाफाको २०८२ असारसम्ममा एक दशमलव पाँच, २०८३ असारसम्ममा दुई र २०८४ असारसम्ममा तीन प्रतिशतले हुने रकम ग्राहक संरक्षण कोषमा राख्नुपर्नेछ ।

१५ प्रतिशतभन्दा बढी लाभांशको ३५ प्रतिशत रकम राख्नुपर्ने व्यवस्था भने यथावत् छ । सबै लघुवित्त संस्थालाई कम्तीमा एक वर्षमा सबै शाखा कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ ।

लघुवित्तका ऋणीहरूलाई कालोसूचीमा राख्न सकिनेसम्बन्धी व्यवस्थामा पनि परिमार्जन भएको छ। लघुवित्त वित्तीय संस्थाले परिस्थितिवश ऋण नतिर्ने ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको भएपनि यदि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने संस्थालाई लागेमा छ महीनाका लागि कालोसूचीबाट हटाउने व्यवस्था गर्न सक्नेछ । छ महीनाभित्र ऋण चुक्ता नगरेमा अनिवार्यरूपमा कालोसूचीमा समावेश गर्न केन्द्रलाई सिफारिश गर्नुपर्नेछ। लघुवित्त वित्तीय संस्थाबाट ऋण लिई नतिर्ने ऋणीलाई वर्गीकरण गर्नुपर्नेछ ।

लघुवित्त संस्थाका कर्मचारीको छनोट, सरुवा, बढुवा, पदस्थापन तथा मूल्याङ्कनसम्बन्धी नयाँ व्यवस्था एकीकृत निर्देशनमार्फत ल्याइएको छ । "शाखा व्यवस्थापक वा सोभन्दा माथिको कर्मचारी भर्ना गर्दा उक्त कर्मचारीको विगतको पृष्ठभूमि विश्लेषण गरेर मात्र नियुक्त गर्नुपर्ने तथा निश्चित तालीम एवं कार्य अनुभवका आधारमा मात्र पदोन्नति र जिम्मेवारी दिनुपर्नेछ," निर्देशिकामा भनिएको छ ।

'नो योर इम्प्लोई'को प्रयोगसम्बन्धी व्यवस्था गर्नुपर्ने, कर्मचारीको छनोट, सरुवा, बढुवा तथा पदस्थापन गर्दा तालीमलगायत सम्बन्धित विषयमा विशेष ज्ञानसम्बन्धी प्रमाणपत्र (सर्टिफिकेशन कोर्स) लिएको भए त्यस्तो विशेष योग्यतासमेतलाई आधारका रूपमा लिनुपर्ने, व्यवस्थापकीय तहका कर्मचारीलाई स्पष्ट कार्य विवरण उपलब्ध गराउनुपर्ने, सोको मूल्याङ्कन समयसमयमा गर्नुपर्नेलगायत व्यवस्था निर्देशिकामा राखिएका छन् ।

# बस दुर्घटनामा आमा–छोराको मृत्यु

कास्की, १४ साउन/रासस

कास्कीको पोखरामा सोमवार भएको विद्यालयको बस दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। उक्त दुर्घटनामा २८ जना घाइते भएका छन् ।

पोखरा–१७ बिरौटास्थित एलपी देवकोटा मेमोरियल स्कूलको ग.१क ६२१९ नम्बरको विद्यार्थी बोकेको बस पोखरा–२१ गुड्कुस्थित भित्री सडकमा अनियन्त्रित हुँदा सडकबाट ५० मिटर तल खसेको थियो। सो घटनामा पोखरा–२१ बस्ने उक्त विद्यालयकी कार्यालय सहयोगी ३३ वर्षीया आरती विक र विद्यालयमा अध्ययनरत उनका छोरा छ वर्षीय प्रिन्स विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिए । दुवैजनाको गण्डकी मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा घाइते भएका विद्यार्थी, शिक्षक, अभिभावक तथा चालकमध्ये १३ जनाको गण्डकी मेडिकल कलेजमा, १२ जनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र तीनजनाको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।



साउनको दोस्रो सोमवार वीरगंजको अलखियामठ र आवास क्षेत्रस्थित पशुपतिनाथ मन्दिरमा पूजापाठ गर्दै दर्शनार्थीहरू । तस्वीरः नितेश कर्ण

# विश्व बाघ दिवसः सङ्ख्या बढेसँगै संरक्षणमा चुनौती

नारायण अधिकारी

चितवन, १४ साउन/रासस

नेपालमा बाघको सङ्ख्या बढेसँगै संरक्षणमा नयाँ चुनौती थपिएका छन् । लक्ष्य लिएभन्दा बढी सङ्ख्यामा बाघ बढेपछि बासस्थान र आहारा व्यवस्थापन



तस्वीरः फाइल

चुनौती बनेको हो। यससँगै मानवसँगको द्वन्द्व पनि बढ्दै गएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ ।

सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ सर्वेक्षण अनुसार नेपालमा वयस्क बाघको सङ्ख्या ३५५ पुगेको छ। तीमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्रै यो सङ्ख्या १२८ रहेको राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिए। पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रसियाको सेन्टपिटर्सबर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो ।

तत्कालीन समयमा नेपालमा १२१ वटा बाघ थिए। सन् २०२२ मा आइपुग्दा यो सङ्ख्या २४२ पुऱ्याउने लक्ष्य लिइएकामा लक्ष्य अनुसारको सङ्ख्या बढेर ३५५ पुगेको छ । यो देशकै लागि सफलता मानिए पनि यसपछिका चुनौतीहरू भने थपिएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तिवारीले गत आर्थिक वर्षमा निकुञ्जमा आठवटा बाघ मरेका जानकारी दिए। बाघ मरेको कम थाहा हुने भन्दै उनले निकुञ्ज सुरक्षाको क्रममा बढी गस्ती गरिएकाले बाघ धेरै मरेका हुन सक्ने बताए। बासस्थानका लागिसमेत बाघहरू एकापसमा लडेर मृत्यु हुने गरेको तिवारीको भनाइ छ । "यो अवधिमा चारजनाको बाघको आक्रमणबाट मृत्यु भएको छ। निकुञ्जभित्र र बाहिर यस्ता घटना हुने गरेका छन् । एकजनाको निकुञ्जभित्रको कोर क्षेत्रमा र अन्यको मध्यवर्ती वन क्षेत्रमा बाघको आक्रमणबाट मृत्यु भएको हो," उनले भने ।

सूचना अधिकारी तिवारीले केही वर्ष अघि गरिएको अध्ययनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा १७५ बाघका लागि बासस्थान पुग्ने देखाएको थियो। बासस्थान व्यवस्थापनमा सुधार गरेमा अरू थप बाघ रहन सक्ने देखिएको उनको भनाइ छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्ज एकापसमा जोडिएका छन् ।

बाघको आहार प्रजाति पर्याप्त नहुँदा शिकारका लागि बाघ बाहिर बस्तीमा प्रवेश गर्ने र घटना हुने गरेको छ । निकुञ्जभित्र र आसपासका क्षेत्रमा बाघ हिंस्रक बनेसँगै नियन्त्रणमा लिएर राख्ने गरिएको छ । निकुञ्जको मुख्यालय कसरा र भरतपुरको देवनगरमा पाँचवटा बाघ खोरमा राखिएका छन्। कसरामा तीनवटा छन् भने देवनगरमा दुईवटा छन्।

सौराहामा खोर मर्मत हुँदै गरेकाले अहिले बाघ नराखिएको निकुञ्जका सूचना अधिकारी तिवारीले बताए । नियन्त्रणमा लिएर राखिएका बाघको हेरचाहका लागि समेत कठिनाइ हुने गरेको उनको भनाइ छ

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै चुनौती पनि थपिएको बताए । बासस्थानको व्यवस्थापन गर्न नसक्दा मानव बस्तीमा बाघ प्रवेश गरेर द्वन्द्व बढाएको उनले उल्लेख गरे । सरकारले बासस्थान व्यवस्थापनमा पर्याप्त बजेट विनियोजन गरेर निकुञ्जभित्र आहारको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए ।

अध्यक्ष ढुङ्गानाले बाघको आहारा प्रजाति मानव बस्तीमा आएर बालीनाली खाइदिने र उनीहरूको शिकारका लागि बाघ पनि मानव बस्तीमा आउने गरेको बताए । मध्यवर्ती क्षेत्रमा निकुञ्जमा उठेको राजस्वको ३० देखि ५० प्रतिशत विनियोजन गरेर मेसजाली, कम्पाउन्ड वाल, मध्यवर्तीमा भौतिक पूर्वाधार र संरक्षण शिक्षाका कार्यक्रम गर्दै आएकामा पछिल्ला वर्षहरूमा बजेट न्यून आएसँगै थप समस्या भएको उनले जानकारी दिए। सङ्कलन भएको राजस्वको २० प्रतिशतभन्दा तल मध्यवर्तीमा बजेट आएको भन्दै उनले यसले थप द्वन्द्व बढाउने अवस्था सिर्जना गरेको बताए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै आहारा प्रजाति बढाउनुपर्नेमा जोड दिए । निकुञ्जभित्र बासस्थानको व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण भइरहेको उनले जानकारी दिए। बाघले आफ्नै क्षेत्र निर्धारण गरेर बस्ने भन्दै महानिर्देशक डा ढुङ्गानाले सङ्ख्या थपिएसँगै सेन्चुरी निर्माण गरेर यसको संरक्षण गर्नुपर्ने अवस्था आएको बताए। विचरण गर्न सक्ने ठूला खुल्ला खोर (सेन्चुरी) निर्माण गर्ने योजनामा विभाग रहेको उनले जानकारी दिए ।

कतिपय देशहरूमा बाघ उपहार दिएर 'बाघ कूटनीति' अपनाउने विषयमा पनि छलफल भइरहेको महानिर्देशक ढुङ्गानाले बताए। यसबाट अन्य देशहरूमा मित्रता बढाउन सहयोग पुग्ने उनको भनाइ छ। बाघलाई मानव बस्तीमा आउन नदिने गरी भित्रै व्यवस्थापन गर्ने विषयमा विभागको ध्यान गएको महानिर्देशक ढुङ्गानाले बताए। उनले भने, "आहारा प्रजाति बढाउन आवश्यक घाँसेमैदान, पानीपोखरी र सिमसार क्षेत्र सुधार कार्यक्रम अगाडि बढाउने योजनामा छौं।"

# सुनको मूल्य तोलामा चार सयले वृद्धि

काठमाडौं, १४ साउन/रासस

स्थानीय बजारमा सुनको मूल्य सोमवार तोलामा रु चार सयले वृद्धि भएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतवार प्रतितोला रु एक लाख ४५ हजार सात सयमा कारोबार भएको छापावाला सुन आजका लागि रु एक लाख ४६ हजार एक सय निर्धारण भएको छ । आइतवार प्रतितोला रु एक लाख ४५ हजारमा कारोबार भएको तेजाबी सुन आजका लागि रु एक लाख ४५ हजार चार सय निर्धारण भएको छ।

त्यस्तै, चाँदीको मूल्य तोलामा रु १० ले वृद्धि भएको छ। आइतवार प्रतितोला रु एक हजार ७४० मा कारोबार भएको चाँदीको मूल्य आज रु एक हजार ७५० निर्धारण भएको छ।

# सफलताका लागि संवेग व्यवस्थापन

विचार



नेत्र सुवेदी 'प्रयास'

> **फलस्वरूप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौं। सङ्गठनभित्र रहेका कर्मचारीहरूको संवेगात्मक अवस्था र कार्यसम्पादनमा त्यसको सम्बन्धको विश्लेषण गरी सोही अनुसार व्यवहार गर्ने र परामर्श उपलब्ध गराउन सकेमा कार्यालयकै कार्यसम्पादन वृद्धि हुन्छ।**

'के छ हालचाल ?' भनेर कसैले सोध्यो भने हामीले तयारी जवाफ दिन्छौं– 'ठीकै छ'। कसैले 'खतम छ' पनि भन्ला। तर यी जवाफ प्रस्ट छैनन्, सोलोडोलो खालका भए। यी र यस्ता प्रश्नको यकीन र प्रस्ट जवाफ दिन सकेमा हाम्रो जीवन नै बदलिन सक्ने मनोविज्ञानवेत्ताहरू दाबी गर्छन्। आफूमा वा अरूमा तत्काल रहेको संवेगलाई राम्ररी बुझ्नु भनेको हामी कसरी सिक्ने, कसरी निर्णय गर्ने, कसरी अरूसँग व्यवहार गर्ने भन्ने विषयमा प्रस्ट हुन सरल हुन्छ भने अन्ततोगत्वा व्यक्तिगत उन्नतिका लागि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

संवेगहरूको आफ्नै पहिचान र महत्त्व हुन्छ। संवेगलाई शरीरको बुद्धि पनि भनिन्छ। संवेग जीवशास्त्रीय तत्त्व हो। यसलाई हाम्रो शरीर र दिमागले काम गर्ने रसायन पनि भन्ने गरिन्छ। भनिन्छ कि हामीमा आउने संवेग हामीलाई केही न केही सुनाउन उपस्थित भइरहेको हुन्छ। संवेग सिर्जना गर्ने उद्दीपकलाई हामीहरू आन्तरिक र बाह्य भनेर हेर्न सक्छौं। आफैंभित्र सिर्जित कुनै विचार वा भौतिक अनुभूतिलाई आन्तरिक उद्दीपक भनिन्छ भने कसैसँग भएको भेट वा कुनै घटना भने द्वितीय उद्दीपकमा पर्दछ। संवेग र विचार एकले अर्कोलाई प्रभाव पार्ने हुन्छ। साथै संवेगले हाम्रो शरीरमा पनि असर पर्दछ। यसको ज्ञानबाट व्यक्तिलाई अवसर र चुनौतीका लागि तयारी हालतमा राख्दछ।

शरीरमा रहेका आधारभूत क्रियाहरू जस्तैः मुटुको धड्कन, रगतको प्रवाह, पाचन क्रिया, रोगसँग लड्ने क्षमता, मांसपेशीमा रहने लचिलोपन र शरीरको तापक्रममा घटबढ हुने गर्दछ। त्यसैले भनिएको छ कि के कस्तो शारीरिक अवस्था छ भन्नेबाट पनि कस्तो संवेग पैदा भएको छ भन्ने थाहा लाग्दछ। संवेग पहिचान गर्ने र सोही अनुसार व्यवहार गर्ने अभ्यास गर्दै जाँदा मन्दखालको अनुभूति चिनेर कडा र घातक प्रतिक्रिया पैदा नहुँदै व्यवस्थित गर्न सम्भव हुन्छ। हाम्रो शरीरको अवस्था जान्नका लागि शरीर–मस्तिष्क–हृदयको 'स्क्यान' गरे मात्र पूर्णरूपमा जानकारी पाउन सकिने भनिएको छ। भौतिकरूपमा अनुभूत भएका कुराहरू जस्तैः चिन्ता, मुस्कान, मांसपेसीको लचकता छ वा छैन भन्नेबाट शारीरिक अवस्था थाहा लाग्दछ भने कस्तो विचार आइरहेको छ ? ध्यान केन्द्रित भएको छ वा भङ्ग भइरहेको छ अवलोकन गर्ने गर्दा मस्तिष्कको अवस्था थाहा लाग्दछ भने शान्त छ वा झोंक चलेको छ वा खुशी वा चिन्तित वा उत्साहित के छ भन्ने जानकारीबाट हृदय पढ्न सकिने देखिन्छ।

रोबर्ट प्लुटचकका अनुसार खुशी, आश्चर्य, रुचि, नरुचाउनु वा घृणा गर्नु, चिन्ता, डर छ आधारभूत संवेगमा पर्दछन्। त्यसैगरी आठवटा आधारभूत संवेगमा रिस र विश्वाससमेत थपिन्छ। समूहमा सँगै बसेर घटनाक्रम र भएको अनुभूति साटासाट गर्ने क्रममा कुन संवेगले काम गरेको अनुमान लगाउन सक्छन् र कस्तो संवेगका बखत के कस्तो व्यवहार वा क्रियाकलाप गर्नु उचित हुन्छ र के कस्तो गर्नुहुँदैन भन्ने सिकाइसमेत हुन्छ।

हाम्रो दिमागमा रहने 'हाइपोथ्यालामस' त्यस्तो चीज हो, जुन संवेगको रसायन रहने कारखाना नै भन्न सकिन्छ। प्रोटिनबाट बनेका धागोजस्तो वस्तुबाट बन्ने त्यस्ता संवेगका रसायनहरू दिमाग हुँदै पिटचुटरी नली हुँदै रगतमा प्रवाह हुने गर्दछन्। यसबाट पनि के बुझ्न सकिन्छ भने संवेगात्मक अनुभूतिको प्रभाव प्रत्येक जीवित कोषमा पर्न जान्छ। संवेगसम्बन्धी रसायन शरीरभरि पुग्न छ सेकेन्ड लाग्ने बताइएको छ।

**किन आवश्यक छ संवेग व्यवस्थापन**

अहिलेको मान्छेमा र अहिलेको सम्बन्धमा देखिएको बेचैनी, बेखुशी, अशान्ति र विरोधाभासको पिंधमा पुगेर हेरियो भने संवेगलाई पढ्न नसक्नु र संवेग नबुझी व्यवहार गरिनुमा पुगिन्छ। आधुनिक दुनियाँ जति नै नजीकका व्यक्तिहरूबीच पनि अनुभूतिमा आधारित संवाद कम वा दुर्लभ हुन्छ। एकै परिवारका सदस्यहरूबीच, एउटै टोलीमा काम गर्ने भनिए पनि वा एउटै सङ्गठनमा समेत एकले अर्काको संवेग बुझेर हैन कि आफ्नो संवेगलाई सबैथोक ठाने जसरी बोलिन्छ, जसबाट अरूलाई हित नगर्न सक्छ। अझ यसरी भनौं प्रत्येक छलफलमा शान्ति वा आत्मीयता प्रवर्द्धन गर्ने वा द्वन्द्व वा हिंसा बढाउने भन्ने छनोट हामीले नै गर्ने हो अरू कसैले गरिदिंदैन। एकता प्रकाशनले सन् २०२० मा बजारमा ल्याएको 'माई इमोशन म्याटर' नामक पुस्तकमा संवेगको परिचय तथा आधारभूत पक्षहरूका सम्बन्धमा चर्चा गर्दै सकारात्मक व्यवस्थापनबारे मार्गदर्शन गरिएको छ।

संवेगलाई चिनाउने संवेगात्मक साक्षरता र संवेगात्मक बौद्धिकताबाट सन्तुलित र प्रभावकारी जीवन जिउने कला विकसित हुन्छ। यो कौशलबाट कुनै पनि कामको नतीजाको प्रभावकारिता बढ्ने, निर्णय निर्माणमा सुधार आउने, स्वस्थकर रहने र आपसी सम्बन्ध प्रगाढ राख्न सहयोगी हुन्छ। भनिएको छ कि संवेग बुझ्नेहरू अनुभूति व्यवस्थापनमा चुस्त हुन्छन् र त्यसैगरी आफ्नो काममा पनि निपूण हुन्छन्। उनहरू खुशीमा मात्तिने र दुःखमा आत्तिने नगरी एकै खालको सन्तुलित व्यवहार प्रदर्शित गर्न सक्छन्।

**संवेग व्यवस्थापन कला**

दिनभरि गरिएका कामलाई फर्केर हेर्दा खुशीको पल र दुःखको पल कुन थियो ? गत हप्ताभरिको सुनाउनयोग्य कुनै क्षण कुन थियो ? यस्ता प्रश्नहरू व्यक्तिको संवेगसँग सम्बन्धित हुन्छन्। कुन घटना वा क्षणमा के कस्तो अनुभूति भयो भन्ने तहमा व्यक्तिले जवाफ दिन सकेमा मात्र उल्लिखित प्रश्नको जवाफले अर्थ राख्दछ। यसरी मनका अनुभूतिहरू व्यक्त गर्ने अवसर पाउँदा मान्छे नजीक भएको महसूस गर्दछ। हामीमा सिर्जना हुने वा हाम्रो व्यवहारलाई प्रभावित गर्ने आधारभूत संवेगहरूको जानकारी गराएपछि माथि उल्लेख भएका प्रश्नहरूको उत्तर दिन सरल हुन्छ। अभ्यास गर्दै जाँदा सुनाएका क्षण वा संवेगहरू वा व्यक्तिले महसूस गरेका प्रतिक्रियाहरू कुन संवेगसँग सम्बन्धित छ भनेर सुनाउने व्यक्तिले नै भन्न थाल्दछ।

एउटा परिवारमा रहने व्यक्तिहरू कमसेकम साँझको १५ मिनेट सँगै बसेर दिनभरिमा के कसो भयो भनेर आआफ्नो अनुभूति सुनाउने संस्कारको विकास गर्न सकियो भने कस्तो परिस्थितिमा कुन संवेग प्रभावी भएर आयो भन्ने खुल्दै जान्छ। आफू स्वयं र अरू कुनै व्यक्तिको सम्बन्धमा पनि के कसरी व्यवहार गर्दा उसको संवेगमा अनावश्यक उतारचढाव आउँदैन भनेर बुझ्नका लागि पनि आफू वा अरू कसैलाई कुन खालको घटनाले प्रभाव पार्दछ भन्ने बुझ्नु आवश्यक हुन्छ। यसबाट नै पारिवारिक सम्बन्ध प्रगाढ बन्दै जान्छ। त्यस्तै मूल्यमा आधारित शिक्षाको पाटोका रूपमा संवेगसम्बन्धी सिकाइबाट व्यक्ति, विद्यालय र अन्य सङ्गठनलाई संवेगात्मक बौद्धिकताको सहयोगबाट अन्तरवैयक्तिक सम्बन्धमा रहेका समस्या हल गर्ने विश्वास गर्न सकिन्छ।

घरपरिवारको सदस्य, विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यालयका स्टाफ वा कुनै टोलीका सदस्यहरूलाई संवेगसम्बन्धी साक्षरता आवश्यक पर्दछ। शुरूमा उत्सुकता, खुशी र डरलाई बुझाउन क्रमशः कोपिला, फूल र काँडाद्वारा चिनाउन सकिंदो रहेछ। अनि एकले अर्कोलाई तिम्रो आजको फूल के हो भनेर जिज्ञासा राख्न पनि मिल्दोरहेछ। कसैले भन्ला कि आज धेरै वर्षपछि मेरो मिल्ने साथीसँग भेट भयो त्यसैले आजका लागि मेरो फूल यही भेट हो भनेर। अनि आउने हप्ता पोखरा घुम्न जाने योजना बन्नु कुनै विद्यार्थीका लागि कोपिला हुन सक्छ। संवेगलाई मिहिन ढङ्गले चिनेपछि व्यवहार गर्न पनि सरल हुँदै जानु स्वाभाविक हो।

हामीहरू जटिलताले भरिपूर्ण समयमा बाँचिरहेका छौं। पहिलेपहिले नभएका र शीघ्र सुधार भइरहेका सञ्चारमाध्यम तथा सामग्रीको बाढी नै लागेको छ तर पनि व्यक्तिहरू एकलकाटे देखिन्छन्, खुशी देखिन्नन्, सम्बन्धहरू पनि टिकाउ भइरहेका छैनन्। तनावको तह बढिरहेको छ। यी कारणको परिणामस्वरूप व्यक्तिहरूमा अस्थिरता, अधैर्य, आपसमा भिड्ने, भाग्ने, निष्क्रिय रहने क्रम बढेको छ। सारमा भन्नुपर्दा हामीले व्यक्तिगत र सामूहिकरूपमा भोग्नुपरेका समस्याको समाधान जटिल बन्दै गइरहेको छ। हाम्रो परिवेश र कार्यशैलीका कारण संवेगात्मक चुनौती बढेको हो। बालबालिका, किशोरकिशोरी पनि तनावको भुमरीमा छन्।

अहिलेको जटिल जीवनशैलीयुक्त समाजमा व्यक्तिले आफ्नो र अरूको पनि संवेग बुझेर व्यवहार गर्नुपर्ने भएको छ। क्यालिफोर्नियामा कार्यालय रहेको गैरसरकारी संस्था सिक्स सेकेन्ड्स त्यस्तो संस्था हो जसले संवेगलाई व्यवहारमा प्रयोग गर्न सक्नेगरी प्रक्रिया विकास गरेको दाबी गरेको छ। संवेगात्मक बौद्धिकताको सही अभ्यासबाट विश्वमा अर्बौंको सङ्ख्यामा रहेका मानिसलाई सन्तुलित व्यवहार गर्न सक्षम बनाउँदै शान्त, समृद्ध र अझ राम्रो विश्व निर्माण गर्ने भिजन उक्त संस्थाको रहेको छ र संवेग सम्बन्धमा थुप्रै सामग्रीहरू प्रयोगकर्तालाई उपलब्ध समेत गराएको छ।

'जोन' नामक विद्वान्का अनुसार यदि कुनै व्यक्ति संवेगसँग स्वस्थ र खुला सम्बन्ध राख्न सक्षम भयो अनि आफूमा आएको संवेग पहिचान गर्न, स्वीकार गर्न र सम्मान गर्न सक्यो भने र ती संवेगलाई जागृतिको औजारका रूपमा लिन सक्यो भने मात्र त्यो क्षमताले जीवनका विभिन्न मोडमा आवश्यक पर्ने निर्णय लिने कार्य सरल भएर जान्छ। संवेगको सम्बन्धमा साक्षर हुनु भनेको संवेग के के हुन्छ भनेर बुझ्नुमात्र कदापि होइन। तत्काल आफूमा के कस्तो संवेग अनुभूत भइरहेको छ अवगत हुनु, अरू व्यक्तिको अनुहार हेरेर वा स्वर सुनेर उसको संवेग पहिचान गर्नु पनि हो। यदि अनुमान लगाउन सकिएन भने संवेग पढ्न नसकेको नै मानिन्छ।

त्यस्तै, कुनै घटना वा परिस्थितिको सम्बोधन गर्ने कि प्रतिक्रिया मात्र व्यक्त गर्ने, जीवनमा कुनै लक्ष्य वा उद्देश्य लिएर त्यसैमा केन्द्रित हुनु वा निरुद्देश्य भड्किरहनु, कुनै जिज्ञासामा जवाफ दिन हतार गर्नु वा केहीबेर रोकिएर जवाफ दिनु, अरूले राखिरहेको विषय सुन्न तयार नहुनु वा ध्यान दिएर सुन्नु, आफ्नो मूल्य र मान्यताबारे नै अनभिज्ञ हुनु वा मूल्य–मान्यता पछ्याउनु, कुनै कार्यपश्चात् पृष्ठपोषण नलिनु वा पृष्ठपोषणप्रति खुला रहनुजस्ता परस्पर विपरीत व्यवहार संवेगप्रति साक्षर हुँदा वा नहुँदा देखा पर्दछन्। वास्तवमा व्यक्तिमा देखा पर्ने जुनसुकै खालको संवेगको जिम्मेवारी उक्त व्यक्तिकै हुन्छ। आफ्नो संवेगका कारण भएको नतीजाका लागि जिम्मेवारी नलिने तर अरूलाई आरोप भने लगाइहाल्ने प्रवृत्ति पनि संवेगको व्यवस्थापन कला नभएकै परिणाम हो। संवेगको साक्षरता वा संवेगात्मक बौद्धिकता राम्रो भएको खण्डमा आफ्नो वा संलग्न समूहलाई पूर्णरूपमा जागृत राख्न सहयोग पुग्दछ।

संवेगात्मक अनुभूतिहरूलाई बेवास्ता गर्ने अभ्यास बढ्दै गयो भने त्यस्ता अनुभूतिसँग मुकाबिला गर्ने विषय चुनौतीपूर्ण हुँदै जान्छ। संवेगका सङ्केतहरूप्रति सचेत भइयो भने एउटा वा एकभन्दा वढी संवेगले शरीर र व्यवहारमा ल्याउन सक्ने प्रतिकूल परिणामबाट बच्न सकिन्छ। शरीरमा पैदा हुने संवेगहरूमध्ये सबैभन्दा बढी प्रभावमा रहेको संवेग प्रस्ट देखिन्छ। रिसलाई सबैभन्दा सशक्त संवेग मानिएको छ। जस्तो कुनै व्यक्ति रिसाएको बखत एकान्तपन, आशावादिता, केही गर्न उत्साहित पनि हुन सक्दछ। एउटा संवेगले अरू सबै संवेग हटाइहाल्न नसक्ने हुँदा कुनै संवेग अनुभूत भइरहेको बेला अरू कुनै अनुभूति पनि छ कि भनेर 'स्क्यान' गर्नुपर्ने हुन्छ। अर्कोतिर संवेगात्मक अनुभूतिहरू सङ्क्रामक हुने बताइएको छ। हामीमा आउने संवेगले हाम्रो कार्य व्यवहारलाई त असर गर्दछ नै यसले हाम्रो वरपर रहेका र हामीसँग सरोकार राख्ने व्यक्ति वा समूहलाई समेत असर गर्दछ।

विवाद समाधानका क्रममा विवादका कारण तथ्य हो वा सम्बन्ध हो पहिल्याउनुपर्ने हुन्छ। कारणको सही पहिचान भयो मात्र समाधान सरल बन्दछ। त्यस्तै, हामी उच्च शिक्षासम्म अध्ययन गर्दा पनि धेरै खालका तथ्याङ्कसँग चल्दछौं तर संवेग वा सम्बन्धबारे कमै मात्र अध्ययन हुन्छ। आपसी सहयोगका सम्बन्धमा कम र प्रतिस्पर्धामा ज्यादा जोड दिएका हुन्छौं। फलस्वरूप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौं। सङ्गठनभित्र रहेका कर्मचारीहरूको संवेगात्मक अवस्था र कार्यसम्पादनमा त्यसको सम्बन्धको विश्लेषण गरी सोही अनुसार व्यवहार गर्ने र परामर्श उपलब्ध गराउन सकेमा कार्यालयकै कार्यसम्पादन वृद्धि हुन्छ। यो विषयलाई मनन गरी संवेगात्मक साक्षरता र संवेगको सुव्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ।

–लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुन्। रासस

# जलेश्वरनाथ मन्दिरको महिमा बढ्दो

जलेश्वर, १४ साउन/रासस

जलेश्वर नगरपालिका–२ मा अवस्थित जलेश्वरनाथ महादेव मन्दिरमा साउनभरि साक्षात् महादेव विराजमान रहने गरेको विश्वासका आधारमा भक्तजनहरूको निकै घुइँचो लाग्ने गरेको छ। सोमवारी पर्वका अवसर पारेर बाबा जलेश्वरनाथ मन्दिरलाई दुलहीझैं सिङ्गारिएको छ। मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बत्ती, फूलमालाले सजाइएको छ। मन्दिरको पाँच सय मिटर टाढासम्म शिवभक्तिका गीत–सङ्गीतले जलेश्वर गुञ्जायमान बनेको छ।





तस्वीरः फाइल

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतमा समेत रहेको छ। बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौं दर्शनार्थी आउने गर्छन्। यस वर्ष पनि बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन गर्न आठदेखि १० लाख भक्तजन आउने अनुमान गरिएको छ। महाशिवरात्रि र प्रत्येक महीनाको पहिलो सोमवारको दिन विशेष मेला लाग्ने गर्छ।

ठूलो धार्मिक महत्त्व बोकेको यस मन्दिरको स्थापना कहिले भएको भन्नेबारेमा भने कुनै ठोस प्रमाण भेटिएको छैन। मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ्ग रुद्रेन स्थापित स्वयं' अर्थात् जलेश्वरनाथ महालिङ्ग स्वयम् महादेवले स्थापना गरेका हुन्।

बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरू रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयम् रुद्र (महादेव)ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिएको शिवपुराणमा उल्लेख छ। जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको वरुण सरोवरमा स्नान र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणीले मुक्ति पाउने गर्छ। त्यस बेला यस महादेव मन्दिरमा पूजाआजा द्वेन्द्र गिरी नामका पुजारीले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गरेका थिए।

अनादिकालमा जलेश्वर घनाजङ्गल रहेको बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्वयम् महादेवले बाबा जगदीशनाथलाई सपनामा आएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किंवदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठकले बताए। उनका अनुसार रुद्रले स्वयम् गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवका बारेमा प्रचारप्रसार गरे।

बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पुजारी पाठक बताउँछन्। बाबा महादेवको चौतर्फी चर्चा परिचर्चा गरेर प्रख्यात बनाउन भूमिका खेलेका जगदीशनाथ जीवनको अन्तिमकालमा बाबाको मन्दिरको ठीक सामुनेमा समाधि लिएका थिए।

मन्दिरका अर्का पुजारी कामेश्वर पाठकका अनुसार बाबा जगदीशनाथले कसरी बनाउने, जङ्गलमा बाघ, भालु, हात्तीजस्ता खतरनाक जनावरहरू रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयम् रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिएको शिवमहापुराणमा उल्लेख छ।

जलेश्वरनाथ महादेवको मूल गुफा जमीनको सतहदेखि १६ सिंढी (भऱ्याङ) मुनि जमीनभित्र रहेको छ, जहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको ३६५ दिन जलमैं विराजमान रहन्छन्। मन्दिरभित्र करीब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्छ।

मन्दिरको पानी फ्याालेर शिवलिङ्गको दर्शन गराउने चलन रहेकामा यसभित्रका पानी मोटर वा दमकल लगाएर फ्याँकिदा पनि सक्दैनन्। यसका लागि धेरैले धेरैपटक प्रयास गरिसके पनि सकेका छैनन् तर मानव शक्तिले बाल्टिनको सहयोगमा पानी फालेमा मन्दिरको गुफा सुक्ने र भक्तजनले दर्शन गर्ने गरेको पुजारी पाठकको भनाइ छ। एकछिनमैं पुनः पानी भरिने हुँदा पटकपटक पानी फ्याँकेर भक्तजनको दर्शन गराउने गरिएको उनी बताउँछन्।

**मन्दिर सञ्चालनमै समस्या**

कुनै बेला अथाह चलअचल सम्पत्ति रहेको यस मन्दिर अहिले सञ्चालन हुन नै समस्यामा रहेको छ। १८६७ सालमा राजा गिर्वाणयुद्धविक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका–७) मा शिकार खेल्न गएको बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाका लागि २७५ बिघा जग्गा र चारवटा महापोखरी मौजाका रूपमा दान दिएको ताम्रपत्रमा उल्लेख छ।

मौजेका रूपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायत मौजेहरू पाएका थिए भने वरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्त पोखरीजस्ता महापोखरीहरू पनि पाएका थिए। लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेका दर्जनौं मौजे र महापोखरीहरूबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगवान् शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरूको स्वागत सत्कारसमेत हुने गरेको थियो।

मन्दिरसँग सयौं बिघा जग्गा र चार महत्त्वपूर्ण पोखरी रहेकाले निकै भव्य तरीकाले सञ्चालन, व्यवस्थापन हुँदै आएको थियो तर समय बित्दै जाँदा पद्मशमशेरको पालामा यस मन्दिरको अधीनमा रहेका जग्गाहरू आफ्ना गुरु पुरोहित गोपालबहादुर उपाध्याय, रामबहादुर उपाध्यायलगायत चार/पाँच दाजुभाइलाई दान दिएको चर्चा छ। पद्मशमशेरले दान दिएपछि गुरु पुरोहित र उनका सन्तानले मन्दिरका मौजेहरू बेचेर खाएपछि बिस्तारै मन्दिरको आर्थिक अवस्था कमजोर हुँदै गएको पुजारी पाठक बताउँछन्। १९९५ सालमा बडाहाकिम रामशमशेरले जलेश्वरनाथ महादेवको भित्री गुफासहितको मन्दिरको माथि पुनः आकर्षक र ठूलठूला बुर्जासहितको अद्वितीय मन्दिर निर्माण गरे। यस मन्दिर निर्माण गर्न उनले २५ हजार रुपियाँ खर्च गरेका थिए। महामन्दिर निर्माण गर्न सखखर, उरिद, चुन, सुरखी, कत्थालगायत वस्तुहरूको प्रयोग गरिएको थियो।

(बाँकी पाँचौं पातामा)

## मुस्ताङमा ...

सुवेदीले बताए।

धर्से अर्जुनकसहित नेपालमा चरा प्रजातिको सङ्ख्या ८९६ वटा पुगेका छन्। अर्जुनक प्रजातिको सङ्ख्या २४ पुगेको छ। नेपालबाट सबैभन्दा नजीक मङ्गोलिया, उत्तरी चीनका विभिन्न ठाउँ, पश्चिमतर्फ अफगानिस्तान, पाकिस्तानमा यो चरा पाइन्छ।

जाडोयाममा यिनीहरू नियमितरूपमा दक्षिणतिर बसाइँ सर्छन्। मुस्ताङमा भेटिएको यो चरा बसाइँसराइको क्रममा बाटोमा फिरन्तेरूपमा आइपुगेको हुन सक्ने अनुमान गरिएको चराविद् सञ्जय था श्रेष्ठले बताए।

"देशका लागि नयाँ चरा पहिचान गर्न सकेकामा खुशी लागेको छ," वाइल्डलाइफ फोटोग्राफरसमेत रहेका श्रेष्ठले भने, "यसले चरा पर्यटनमा लाग्न उत्साह थपिएको छ। चराका फोटो खिच्न उत्प्रेरित गरेको छ।" नेपाल बर्ड रेकर्ड कमिटीले नेपालमा नयाँ चराको अभिलेख राख्ने गर्छ।

## अन्तर्राष्ट्रिय समाचार

# मडुरो राष्ट्रपतिको चौथो कार्यकालका लागि अनुमोदित

काराकस, १४ साउन/एएफपी

भेनेजुएलाको राष्ट्रपति चुनावमा निकोलस मडुरो चौथो कार्यकालका लागि विजयी घोषित भएका छन्।

मडुरो ५१.२ प्रतिशत मत प्राप्त गरी विजयी भएका र विपक्षी उम्मेदवार एडमुन्डो गोन्जालेज उरुटियाले ४४.२ प्रतिशत मत प्राप्त गरेको निर्वाचन परिषद्ले जनाएको छ।

विपक्षी र क्षेत्रीय छिमेकी केही मुलुकले तत्काल आधिकारिक नतीजालाई अमान्य बताएका छन्।

निर्वाचन परिषद्बाट मतपरिणामको घोषणापछि राष्ट्रपति मडुरोले राष्ट्रपति भवनमा समर्थकहरूलाई सम्बोधन गरेका छन्। सम्बोधनमा उनले भने–“भेनेजुएला र विश्वका जनतासामु बोलिभारियाली गणतन्त्र भेनेजुएलाको राष्ट्रपतिमा म पुनः निर्वाचित भएको छु। मेरो आगामी जिम्मेवारी देशमा शान्ति, स्थायित्व र न्यायका लागि हुनेछ। सबैले शान्ति र सुव्यवस्थाको सम्मान गरौं।” तर भेनेजुएलाको विपक्षी गठबन्धनले निर्वाचन परिषद्को तथ्याङ्क (मतपरिणाम)लाई अस्वीकार गर्दै आफूले ७० प्रतिशत मत प्राप्त गरेको दाबी गरेको छ।

“हामी भेनेजुएला र विश्व समुदायलाई भेनेजुएलाको नयाँ राष्ट्रपतिमा डमुन्डो गोन्जालेज उरुटिया निर्वाचित भएको जानकारी गराउन चाहन्छौं”–विपक्षी नेता मारिया कोरिना माचाडोले पत्रकार सम्मेलनमा बताइन्। उनले चुनावमा आफ्नो दल बृहत् समर्थनसहित निर्वाचित बनेको दाबी गरिन्।

कोस्टारिकाका राष्ट्रपति रोड्रिगो चाभेजले नतीजालाई ‘कपटपूर्ण’ भन्दै निर्वाचनको आधिकारिकतामाथि प्रश्न उठाएका छन् भने चिलीका राष्ट्रपतिले परिणामलाई ‘विश्वास गर्न’ कठिन भनी



प्रतिक्रिया दिएका छन्।

पेरूले मतपरिणामबारे परामर्शका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको बताएको छ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भेनेजुएलाको निर्वाचन परिणामले भेनेजुएलाका मतदाताको इच्छा प्रतिविम्बित नगरेको भन्दै मतपरिणामप्रति अविश्वास प्रकट गरेका छन्। रासस

# विश्वव्यापी अस्थिरता व्यवस्थापनमा चीन महत्त्वपूर्ण मध्यस्थकर्ता

बेइजिङ, १४ साउन/एएफपी

विश्वव्यापी तनाव व्यवस्थापनमा चीन ‘महत्त्वपूर्ण मध्यस्थकर्ता’ भएको इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले सोमवार चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटवार्तामा बताएका छन्।

गत वर्षको अन्त्यमा बेइजिङको विशाल बेल्ट एन्ड रोड इनिसिएटिभबाट आफ्नो देशको बहिर्गमनका कारण चिसिएको सम्बन्धलाई पुनः शुरू गर्ने प्रतिबद्धता व्यक्त गर्दै मेलोनी करीब दुई वर्ष अघि कार्यभार सम्हालेयता पहिलोपटक चीन भ्रमणका लागि बेइजिङमा छन्।

बेइजिङको दियाओयुताई स्टेट गेस्टहाउसमा सोमवार इटालीका प्रधानमन्त्री मेलोनीले सीसँग वार्ता गरे।

“अन्तर्राष्ट्रियस्तरमा असुरक्षा बढिरहेको छ र मलाई लाग्छ कि यी सबै गतिशीलतालाई सम्बोधन गर्न चीन अनिवार्यरूपमा एक महत्त्वपूर्ण मध्यस्थ वार्ताकार हो,” उनले सीसँग भने।

उक्त अवसरमा स्थिरताको प्रत्याभूति कसरी गर्ने, शान्तिको प्रत्याभूति कसरी गर्ने भन्ने विषयमा दुई देशले मिलेर सोच्नुपर्ने उनले बताए।

उनले चिनियाँ राष्ट्रपति सीसँग भने, “सबैभन्दा ठूलो कुरा हामीलाई स्थिर रहनका लागि हामीले काम गर्ने नियमको प्रणाली आवश्यक छ।”

सो अवसरमा चिनियाँ राष्ट्रपति सीले बेइजिङ र रोमबीचको ‘लामो समयदेखि स्थापित मैत्रीपूर्ण’ सम्बन्धको प्रशंसा गरे।

“दुवै पक्षले सहिष्णुता, पारस्परिक विश्वास र पारस्परिक सम्मान कायम राखेका छन् र प्रत्येकले आआफ्नो विकासको बाटो रोज्छन्,” उनले भने।

चिनियाँ प्रधानमन्त्री ली कियाङसँग आइतवार भएको भेटमा मेलोनीले आफ्नो भ्रमणले द्विपक्षीय सहयोगलाई पुनर्स्थापित गर्ने बताए। नेताद्वयले एक द्विपक्षीय कार्ययोजनामा हस्ताक्षर गर्दै ‘व्यापारिक सम्बन्ध सन्तुलित र पारस्परिक लाभकारी छ भन्ने सुनिश्चित गर्नुपर्ने’मा जोड दिएका थिए।

दस्तावेजका अनुसार यसको अर्थ ‘कम्पनीहरूले निष्पक्ष प्रतिस्पर्धा र स्वतन्त्र व्यापारको भावनामा समान शर्तमा काम गर्न सक्छन्।”

वार्ताका क्रममा लीले इटालीसँगको सम्बन्धलाई थप परिपक्व र स्थिर दिशामा अघि बढाउन बेइजिङ इच्छुक रहेको बताएका थिए।

मेलोनीको प्रशासनले गत डिसेम्बरमा चीनको ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’बाट हात झिकेको थियो। पदभार ग्रहण गर्नु अघि मेलोनीले विदेशमा चीनको प्रभाव विस्तार गर्ने सीको प्रयासको मुख्य खम्बाका रूपमा रहेको यस पहलमा सामेल हुनु ‘गलती’ भएको बताएका थिए।

बेल्ट एन्ड रोडमा सामेल भएपछि इटालीले चीनसँग गरेको गैरबाध्यकारी समझदारीपत्रमा रसद, पूर्वाधार, वित्त र वातावरणमा सहयोगका लागि व्यापक प्रतिबद्धता समावेश गरिएको थियो। तर विवरणहरू दुर्लभ थिए र पारदर्शिताको अभावले इटालीका सहयोगीहरूबीच अविश्वास बढाएको थियो।

मेलोनीको प्रशासनले संयुक्त राज्य अमेरिकापछि इटालीको दोस्रो ठूलो गैरइयू व्यापारिक साझेदार चीनसँग सम्बन्ध सुधार्ने प्रयास गरेको छ।

आइतवार एक व्यापारिक मञ्चमा लीसँगै बोल्दै मेलोनीले भने, “हाम्रो व्यापारिक सम्बन्ध सबैका लागि निष्पक्ष र लाभप्रद होस् भन्ने मैले चाहेको छु।” रासस

# बङ्गलादेशमा विद्यार्थीको अन्तिम चेतावनीको बेवास्ता

ढाका, १४ साउन/एएफपी

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना नेतृत्वको सरकारले विद्यार्थी नेतालाई रिहा गर्ने र आन्दोलनका क्रममा शहादत प्राप्त गरेका नागरिकका आफन्तसँग माफी माग्ने अन्तिम चेतावनीलाई बेवास्ता गरेपछि आन्दोलनरत बङ्गलादेशी विद्यार्थी समूहले सोमवारका लागि सडक प्रदर्शनको नयाँ आन्दोलन घोषणा गरेको छ।

एएफपीलाई प्रहरी र अस्पतालबाट प्राप्त नयाँ तथ्याङ्क अनुसार यस महीना निजामती सेवा भर्नामा आरक्षण (कोटा) प्रणालीको विरोधमा विद्यार्थीहरूले जुलाईमा गरेको प्रदर्शनका क्रममा भएका हिंसात्मक घटनाहरूमा कैयौं प्रहरी अधिकारीसहित कम्तीमा २०५ जनाको मृत्यु भएको थियो।

यो भिडन्त हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब घटना थियो तर सरकारले सेना परिचालन गरेर, कर्फ्यु लगाएर र देशव्यापी इन्टरनेट बन्द गर्दै सम्भावित उथलपुथल हुनबाट रोकेको छ।

शुरूमा विरोध प्रदर्शन गर्ने समूह ‘स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेशन’का कम्तीमा आधा दर्जन नेतालाई प्रहरीले हिरासतमा लिएपछि हजारौं विद्यार्थीले उनीहरूको आन्दोलनमा सहभागिता जनाएका थिए।

“सरकारले हाम्रो आन्दोलनप्रति पूर्ण असंवेदनशीलता देखाइरहेको छ”–समूहका संयोजक अब्दुल कादरले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उनले भनेकाक छन्–“हामीले देशभर विरोध र्‍याली आह्वान गरेका छौं। हामी बङ्गलादेशका सबै नागरिकलाई हाम्रो मागप्रति ऐक्यबद्ध भएर आन्दोलनमा सहभागी हुन अनुरोध गर्दछौं।”

‘भेदभावविरुद्ध विद्यार्थी’का नेताहरूले आइतवार साँझसम्म प्रहरीले आफ्ना नेताहरूलाई रिहा नगरे एक हप्तासम्म स्थगित आन्दोलन सोमवारदेखि नै जारी राख्ने अन्तिम चेतावनी दिएका थिए।

यस समूहको मागमा हिंसाका लागि हसिनाले सार्वजनिक माफी माग्नुपर्ने, उनका कैयौं मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने र अशान्तिको उत्कर्षमा रहेका देशभरका विद्यालय र विश्वविद्यालयहरू पुनः खोल्नुपर्ने पनि समावेश छ।

बङ्गलादेशको दैनिक पत्रिका प्रोथोम आलोकका अनुसार अशान्ति शुरू भएयता देशभर कम्तीमा नौ हजार व्यक्ति पक्राउ गरिएका छन्।

सैनिकहरूले अझै पनि शहरी क्षेत्रमा गश्ती गरिरहेका छन् र राष्ट्रव्यापी कर्फ्यु जारी छ तर गत हप्ताको शुरूदेखि यसलाई क्रमिकरूपमा खुकुलो पारिएको छ।

बङ्गलादेश अशान्तिको चरमोत्कर्षमा रहेको बेला देशव्यापी अवरुद्ध मोबाइल इन्टरनेट सञ्जाल ११ दिनपछि आइतवार पुनः सञ्चालनमा आएको छ।

सबै सरकारी जागीरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने योजना पुनः लागू गरिएको विरोधमा यसै महीना प्रदर्शन शुरू भएको थियो।

सरकारी आकडा अनुसार करीब एक करोड ८० लाख युवा बङ्गलादेशी बेरोजगारी रहेको समय आएको यस कदमले गम्भीर रोजगार सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ।

आलोचकहरूका अनुसार यो योजना सत्तारूढ अवामी लिगका वफादारहरूलाई भर्ना गर्न दुरुपयोग गरिएको छ।

सर्वोच्च अदालतले गत हप्ता आरक्षित जागीरको सङ्ख्या कटौती गरेको थियो तर कोटा पूर्णरूपमा खारेज गर्ने प्रदर्शनकारीहरूको माग बेवास्ता गरेको थियो।

सन् २००९ देखि बङ्गलादेशमा शासन गर्दै आएकी ७६ वर्षीया हसिना ‘वास्तविक विपक्षी दल’ सहभागी नरहेको, गत जनवरीमा सम्पन्न चुनावमा लगातार चौथो कार्यकालका लागि अनुमोदित भएकी थिइन्।

उनको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप लगाउँदै आएका छन्। रासस

# अध्यक्ष दाहालले भोलि जवाफ दिने

काठमाडौं, १४ साउन/रासस

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)को पदाधिकारी बैठकमा नेताहरूले आआफ्नो धारणा राख्ने क्रम सकिएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमवार बसेको बैठकमा पदाधिकारीमा रहेका नेताहरूले आआफ्नो धारणा राख्ने क्रम सकिएको उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए।

उनका अनुसार बैठकमा अधिकांश नेताले पार्टी वर्गीय धरातलमा फर्कनुपर्ने, शुद्धीकरणलाई प्रभावकारीरूपमा कार्यान्वयन गरेर सङ्गठन निर्माण र जनपरिचालन गर्नुपर्नेमा जोड दिएका थिए।

सङ्गठन निर्माणका लागि सरकारबाट बाहिरिएपछिको अवस्था सकारात्मक रहेको भन्दै नेताहरूले त्यसका लागि माथिबाटै पहल गर्नुपर्ने बताएका थिए। शुक्रवारदेखि शुरू भएको बैठकमा आजसम्म १८ जना नेताले आआफ्नो धारणा राखेका छन्।

नेताहरूले उठाएका प्रश्नको मङ्गलवार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जवाफ दिने कार्यक्रम छ।

नेताहरूको धारणालाई सश्लेषण गरेर अध्यक्ष प्रचण्डले जवाफ दिएपछि थप छलफलका लागि स्थायी समितिको बैठक बोलाउने तयारी गरिएको छ।

### सच्याइएको

प्रतीक दैनिकको २०८१ जेठ १५ गते पाँचौं पृष्ठमा प्रकाशित मोटरसाइकल हराएको सूचनामा इन्जिन नं. DHXPPA69755 र मोबाइल नम्बर ९६६९७४४२६७ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

– विज्ञापन शाखा

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – भाग्योदय |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यलाभ | कन्या – वादविवाद |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडाश्रम |
| धनु – कार्यनाश | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### जलेश्वरनाथ ...

मन्दिर निर्माणको बेला जलेश्वरनाथ महादेव मन्दिरको पुजारी राजनारायण गिरी रहेको उल्लेख छ। विसं १९८३ को स्रेस्तामा सयौं बिघा जग्गा मन्दिरको नाउँमैं उल्लेख रहेको देखाउँछ भने २००२ सालसम्म मन्दिरको महन्तको नाउँमा मौजेहरू रहेको उल्लेख छ तर मन्दिरका सयौं बिघा जग्गाको मौजे २००८ सालबाट हराएको छ। दानको नाउँमा जग्गा हराए भन्ने मन्दिरका चार महापोखरी अहिले जलेश्वर नगरपालिकाको कब्जामा छ। अहिले दैनिक भक्तजनको दान, चन्दा र सहयोगमा निर्भर हुन पुगेको पुजारीको भनाइ छ।

मन्दिरको अवस्था अवलोकनका लागि पुरातत्त्व विभागबाट पनि चार/पाँच पटक विज्ञहरू आई मन्दिरको अवस्था हेरेर गएको भएपनि जीर्णोद्धार तथा मर्मतसम्भारका लागि कतैबाट कुनै सहयोग नआएको पुजारीहरूको गुनासो छ। जलेश्वर नगरपालिकाका प्रमुख सुरेशसाह सोनारले मन्दिरको संरक्षणाका लागि विशेष पहल र बृहत् योजना बनाउनुपर्ने बताउँछन्।

### पालिकाको ...

छिपहरमाई गाउँपालिका विद्यालयहरू साउन २८ गतेबाट सञ्चालनमा आउने छन् भने धोबिनीका विद्यालयहरू भदौ २ गतेबाट सञ्चालन हुनेछन्।

ठोरी गाउँपालिकामा साउन ३ देखि २५ गतेसम्म वर्षे बिदा दिइएको छ।

यता जगरनाथपुर गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा प्रथम त्रैमासिक परीक्षा सकेर साउन ६ गतेदेखि वर्षे बिदा दिइएको छ। यहाँका विद्यालयहरू भदौ २ गतेबाट दिउँसो कक्षा सञ्चालन हुने शिक्षा शाखाले जनाएको छ।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### प्रस्तावित ...

मेरो उम्मेदवारी कायम राख्न नचाहेकाले सम्मानित समितिसमक्ष जानकारीसहित अनुरोध गर्दै सो अनुसार व्यवस्था हुन सविनय अनुरोध गर्दछु।”

संवैधानिक परिषद्ले गत असार २ गते उनको नाम निर्वाचन आयुक्तमा प्रस्ताव गरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद् सचिवालयमा पठाएको थियो। समितिले यसअघि यही साउन ९ गते निर्वाचन आयुक्तमा प्रस्तावित नेपाल कानून समाजका कार्यकारी निर्देशक प्रधानको संसदीय सुनुवाइ गरेको थियो।

बैठकमा प्रस्तावित निर्वाचन आयुक्त प्रधानले आफ्नो अनुभव, योग्यता, क्षमतासहितको योजनासम्बन्धी अवधारणा र कार्ययोजना प्रस्तुत गरेका थिए। उनका विरुद्धमा महिला हिंसा गरेको आरोप लगाउँदै चारवटा उजूरी परेका थिए।


**कलैया उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मधेस प्रदेश, बारा, कलैया

**आन्तरिक आय ठेक्का लगाउनेबारेको सूचना**

प्रकाशित गरिएको सूचना मितिः २०८१।०४।१५ गते

यस उपमहानगरपालिकाले गत विगत वर्षहरूमा आय सङ्कलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शीर्षकहरूमा ठेक्काबाट कर शीर्षकमा उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपसिलका शर्तहरूको अधीनमा रहनेगरी इच्छुक फर्म वा कम्पनीहरूले ७ (सात) दिनभित्र बोलपत्र खरीद गर्न यो सूचना प्रकाशित गरिएको छ। तपसिल

| ठेक्का नं | ठेक्का शीर्षक | ठेक्का अवधि | न्यूनतम अङ्क रु | वर्ष | बोलपत्र फाराम दस्तुर रु | दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३२/०८०।०८१ | विज्ञापन कर | ०८१।०८२ देखि ०८३।०८४ सम्म | १४५८०००। | ३ | १०००। | ७ दिने | छैटौंपटक |
| ३३/०८०।०८१ | कलैया–७ को माछापोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | ३१५००००। | ५ | ३०००। | ७ दिने | चौथोपटक |
| ३५/०८०।०८१ | कलैया–१ को माछापोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | २३६९९९। | ५ | १०००। | ७ दिने | छैटौंपटक |
| ३७/०८०।०८१ | कलैया–३ को माछापोखरी | ०८१।०८२ देखि ०८५।०८६ सम्म | १५०२५०। | ५ | १०००। | ७ दिने | तेस्रोपटक |

**अन्य शर्तहरूः**

१) बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रस्ट लेख्नुपर्नेछ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम पछि फिर्ता नहुनेगरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्म कार्यालय समयमा खरीद गर्न सकिनेछ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाणपत्र र आव २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।
४) सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्ममा खरीद गरी ८औं दिनमा दिनको १२:०० बजेभित्र कलैया उपमहानगरपालिका, बारामा सिलबन्दी बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा सोपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
६) मूल्य अभिवृद्धि करलगायतका करहरू ठेकेदार स्वयंले तिर्नुपर्नेछ।
७) आगामी किस्ता रकमबापत बैंक ग्यारेन्टी वा नगद जम्मा गर्नुपर्नेछ।
८) पोखरीहरूको हकमा पोखरी मर्मत गर्नुपरेमा ठेकेदार स्वयंले मर्मत गर्नुपर्नेछ।
९) बोलपत्रको साथ आफूले कबोल गरेको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा.बैंक कलैया शाखामा रहेको खाता नं १२६०१००३०३००००४ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको बिड बन्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ।
१०) बैंकको धरौटी खातांमा धरौटी रकम जम्मा गर्दा फर्मको नामले जम्मा गर्नुपर्नेछ (छापसहित)।
११) ठेक्कासम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयको कर शाखामा कार्यालय समयभित्र सम्पर्क राख्ने सकिनेछ।



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# थप दुई उद्योगमा महानगरले फोहर थुपार्‍यो

प्रस, वीरगंज, १४ साउन/

वीरगंज महानगरपालिकाले सोमवार


तस्वीर: सौजन्य

पनि श्रीसिया नदी प्रदूषित गर्ने दुईवटा उद्योगमा कारबाईस्वरूप फोहरमैला थुपारेको छ। परवानीपुरस्थित अरनिका प्रोसेसिङ उद्योग र श्रीसिद्धि टेक्सटाइल्समा फोहोर थुपारेको हो।

नगर प्रहरी, कर्मचारीको टोलीले सोमवार अरनिका प्रोसेसिङ उद्योग प्रालि र श्रीसिद्धि टेक्सटाइल्स प्रालिमा २० ट्याक्टर फोहोर थुपारेको थियो।

आइतवार महानगरको टोलीले अरनिका प्रोसेसिङ उद्योग, श्रीसिद्धि टेक्सटाइल्स र मरियम लेदर इन्डस्ट्रिज प्रालिको मुख्यद्वारमा फोहोर लगेर थुपारेको थियो।

सोमवार दुई उद्योगमा १०/१० ट्याक्टर फोहोर थुपारेको नगरप्रहरी प्रमुख हरि भुसालले जानकारी गराएका छन्। उनका अनुसार फोहर थुपारिएको उद्योगमध्ये मरियम लेदर इन्डस्ट्रिजका सञ्चालकले नदीमा प्रदूषण नगर्ने प्रतिबद्धता जनाएको बताए। भुसालले आइतवार फोहोरको तस्बिर खिच्न गएका एकजना नगर प्रहरीलाई उद्योगले दुई घण्टा नियन्त्रणमा राखेको कारण सोमवार पुनः १०/१० ट्याक्टर फोहोर लगेर उद्योगभित्र थुपारेको बताए। नगरप्रमुख राजेशमान सिंहले श्रीसिया छेउछाउका उद्योगहरूले श्रीसिया नदीमा प्रदूषण नगर्ने प्रतिबद्धता नजनाएसम्म उद्योगहरूमा फोहर फालेर महानगरले कारबाई गरिरहने बताएका छन्।

# खेलकूदको संसार

## पेरिस ओलम्पिकमा नेपालकी जुडो खेलाडी मनीता बाहिरिन्

काठमाडौं, १४ साउन/रासस

पेरिस ओलम्पिक अन्तर्गत जुडो खेलमा नेपालकी मनीता श्रेष्ठ प्रधान पहिलो चरणबाट बाहिरिएकी छन्। मनीता क्याम्प डी मार्स एरिनामा सर्वियन खेलाडी मारिका पेरिसिकसँग पराजित भएसँगै पहिलो चरणबाटै आउट भएकी हुन्। उनले महिला ५७ किलोमुनिमा प्रतिस्पर्धा गरेकी थिइन्।

मनीतालाई एक मिनेटमा सर्बियन खेलाडी पेरिसिकले पराजित गरिन्। यो जीतसँगै पेरिसिकले अन्तिम १६ को यात्रा तय गरेकी छन्। मनीतासँगै पेरिस ओलम्पिकमा नेपालका चार खेलाडीको चुनौती समाप्त भएको छ।

यस अघि टेबल टेनिसका स्यान्टु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल र पौडीकी डुवाना लामा पनि समूह चरणमा बाहिरिएका थिए। पेरिस ओलम्पिकमा नेपालबाट सात खेलाडीले सहभागिता जनाएका छन्।

# पर्सा ट्राफिक प्रहरीद्वारा दुई करोड ७६ लाख राजस्व सङ्कलन

वीरगंज (पर्सा), १४ साउन/रासस

जिल्ला ट्राफिक प्रहरी कार्यालय


तस्वीर: फाइल

पर्साले ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनबाट एक वर्षमा रु दुई करोड ७६ लाख ६१ हजार ९५४ रकम राजस्व सङ्कलन गरेको छ।

कार्यालयले आव २०८०/८१ मा २७ हजार ३७२ सवारीसाधनलाई कारबाई गरेर सो राजस्व सङ्कलन गरेको हो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा पर्सामा सवारी चालकले ट्राफिक नियम उल्लङ्घन गरेर सङ्कलन हुने जरिवानाबापतको राजस्व एकै वर्षमा रु ६६ लाखले घटेको छ।

पर्सामा अनलाइन प्रणालीमा आधारित 'ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टम' लागू गरेर न्यूनतम मात्रै जरिवाना गर्ने नियमका कारणले जरिवानाबापतको राजस्व घटेको कार्यालयले जनाएको छ। यसअघि ट्राफिक नियम उल्लङ्घन गर्दा अधिकतम जरिवानाबाट शुरू गर्ने गरिन्थ्यो।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख भास्कर खतिवडाले पर्सा ट्राफिकले गत वर्षदेखि अनलाइन प्रणालीमा आधारित 'ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टम' लागू गरेकाले पनि राजस्वमा प्रत्यक्ष असर देखिएको बताए।

"विगतका वर्षमा फिल्डमा खटिने ट्राफिक प्रहरीले म्यानुअल ढङ्गबाट अधिकतम जरिवाना लगाउने गर्थे, जसको कारणले पनि जरिवानाबापतको राजस्व सङ्कलन धेरै हुने गर्थ्यो," उनले भने, "अहिलेको ट्राफिक भ्वाइलेन्स रेकर्ड सिस्टमले न्यूनतम खालको ट्राफिक जरिवानाबाट सुरुआत गर्नुपर्ने भएकाले पनि जरिवाना राजस्व रकम केही घटेको देखिन्छ।"

कार्यालयले आव २०७९/८० मा ३५ हजार ५३४ ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई कारबाई गरेर रु तीन करोड ४२ लाख ६५ हजार जरिवाना सङ्कलन गरेको थियो। कार्यालयले आव २०८०/८१ मा १० हजार ७५२ ट्रकका चालकलाई कारबाई गरेर रु एक करोड ५४ लाख ५१ हजार ५१ रकम जरिवाना सङ्कलन गरेको छ।

त्यस्तै, सोही आवमा दुई हजार १६७ जीप, कार र भ्यानका चालकलाई कारबाई गरेर रु २० लाख २१ हजार ७५२ जरिवानाबापतको राजस्व सङ्कलन गरेको छ। गत आवमा १२ हजार ७७४ मोटरसाइकलका चालकलाई कारबाई गरेर रु ८८ लाख ७८ हजार ५५१ जरिवाना राजस्व सङ्कलन गरेको छ।

त्यस्तै, सोही आवमा २३८ बसका चालकलाई कारबाई गरेर रु दुई लाख ३८ हजार जरिवाना सङ्कलन गरेको छ। यहाँ २१ जना ट्राफिक प्रहरीको दरबन्दी भएपनि काजमा ५८ जना खटिरहेका छन्।

# 'औद्योगिक क्षेत्रको विकासविना मुलुकको समृद्धि असम्भव'

वीरगंज (पर्सा), १४ साउन/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक क्षेत्रको विकासविना मुलुकमा समृद्धिको आकाङ्क्षा पूरा गर्न नसकिने बताए।

वीरगंज महानगरपालिका–३१ स्थित हुलास स्टीलको युनिट–२ शुभारम्भ गर्दै मन्त्री भण्डारीले कोभिड–१९ को महामारीपछि औद्योगिक क्षेत्र नराम्रोसँग थलिएकाले उठाउन गाह्रो भइरहेको बताए। "हाम्रा उद्योगका उत्पादन घट्दै गइरहेको छ। औद्योगिक क्षेत्रमा रोजगारका अवसर गुम्दै गएका छन्। उद्योगधन्दा एकपछि अर्को समस्यामा परिरहेका छन्। क्रमशः बैंक ब्याजदरको चपेटामा उद्योग पर्‍यो," उनले भने, "वर्तमान सरकार बनिसकेपछि पहिलो मन्त्रिपरिषद्को बैठक र त्यसपछि सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा व्यक्त गरेका विचारले स्वदेशी उद्योग तथा औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्ने विचार हामीले सुनिसकेका छौं।"

उद्योगमन्त्री भण्डारीले मुलुकका उद्योगधन्दा खस्किंदा समस्यामा परेको धारणा राखे। "आज देशको उद्योग यस्तो अवस्थामा पुग्यो कि हामी उत्पादकका रूपमा नभई उपभोक्ताका रूपमा रह्यौं," उनले भने, "नेपालको व्यापार घाटा यति चुलियो कि हामी


तस्वीर: फाइल

उपभोग्य वस्तु मात्रै आयात गर्ने ठाउँमा पुगेका छौं।" उद्योगमन्त्री भण्डारीले पछिल्लो समय घाटा चुलिएको बताउँदै नेपालको आयात र निर्यात तथ्याङ्कले नेपालको उद्योग क्षेत्रको स्पष्ट तस्बिर देखाएको बताए। "करीब १६ खर्बको आयात र दुई खर्बको निर्यातले हाम्रो उद्योगको तस्बिर देखिन्छ," उनले भने, "सरकारले अत्यावश्यकबाहेक अन्य वस्तु स्वदेशमा उत्पादन र उपभोग गर्ने परिपाटीको विकास गर्न जरुरी छ।" मन्त्री भण्डारीले गत आर्थिक वर्षमा करीब एक खर्बको फलफूल र तरकारी आयात भएको तथ्याङ्क प्रस्तुत गर्दै मधेस प्रदेशमा तरकारी र फलफूल उत्पादन गरेर विदेशी मुलुकबाट हुने आयात रोक्न सकिने उल्लेख गरे।

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बारा, पर्साको औद्योगिक करिडोरमा हजारौं उद्योगधन्दा रहे पनि उद्योगमा काम गर्ने कामदार नरहेको जानकारी दिए। "मधेस प्रदेशका युवाहरू रोजगारको अवसर नपाएर तेस्रो मुलुकमा जानुपर्ने बाध्यता छ। यहाँका उद्योगधन्दामा आवश्यक जनशक्तिहरूलाई मधेस सरकार र उद्योगी–व्यवसायीले तालीम तथा क्षमता अभिवृद्धि गरेर रोजगारको अवसर सिर्जना गर्नुपर्ने बेला छ," मुख्यमन्त्री सिंहले भने, "मधेस सरकारका तर्फबाट जस्तोसुकै सहयोग गर्न तत्पर छौं।" उनले दक्ष जनशक्ति तयार पार्ने र उद्योगी–व्यवसायीले स्वदेशी युवालाई प्राथमिकतामा राख्न अनुरोध गरे। उनले जनकपुरलाई औद्योगिक करिडोरका रूपमा अघि बढाउनुपर्ने बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |




# नवयुवराज हृदयेन्द्रको जन्मोत्सव मनाइयो


तस्वीर: सौजन्य

प्रस, वीरगंज, १४ साउन/

देशभक्त राजभक्त समूहले सोमवार नवयुवराजधिराज हृदयेन्द्र वीर विक्रम शाहको २३औं जन्मोत्सव मनाएको छ।

वीरगंजको महावीर मन्दिरको प्राङ्गणमा देशभक्त राजभक्त समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सतीशकुमार श्रीवास्तव, पशुपति विक्रम शाह, अब्दुल सतार अन्सारी, ध्रुवसिंह ठहुरी, वीरेन्द्र थापा, रामनारायण साह, अफराजा शाह, दिनानाथ यादव, शम्भु चौरसिया, महेन्द्रप्रसाद साह, ओमप्रकाश उपाध्यायलगायतको सहभागिता थियो।

# सशस्त्र प्रहरीद्वारा १३ लाखको सामान बरामद



प्रस, परवानीपुर, १४ साउन/

सशस्त्र प्रहरी बल पर्साले १३ लाख मूल्य बराबरको सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी मातहत रहेको प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज भन्सारको टोलीले वीरगंज–१६ इनर्वा आसपासमा गस्ती गर्ने क्रममा १३ लाख ३४ हजार २०५ को विभिन्न सामान बरामद गरेको हो।

सशस्त्रले किराना सामान, कपडा, हार्डवेयर, मोटरपार्ट्सलगायतका सामान बरामद गरी आवश्यक कारबाईको लागि वीरगंज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बल पर्साका सप्रनाउ देवेन्द्रबहादुर सिंहले जानकारी गराए।

यसैगरी, प्रस्तावित सीमा सुरक्षा गुल्म अलौंबाट खटेको टोलीले एक लाख १० हजार मूल्य बराबरको भन्सार चोरी पैठारी गरी अलौं नाकाबाट भित्र्याइरहेको अवस्थामा सामान बरामद गरेको जनाएको छ।

# कुटपिटबाट एकजनाको मृत्यु

प्रस, जनकपुरधाम, १४ साउन/

धनुषाधाम नगरपालिका–२ मङ्गलपुरमा कुटपिटबाट एकजनाको मृत्यु भएको छ। सोमवार बिहान ११ बजेर ५० बजेको समयमा पुरानो इबीको कारण कुटपिट गर्दा स्थानीय ४५ वर्षीय भोगेन्द्र ठाकुरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए।

४५ वर्षीया सुरभी मुखिया र उनका २१ वर्षीय छोरा नागेश्वरकुमार मुखियाले सोही स्थान बस्ने ४५ वर्षीय भोगेन्द्र ठाकुर र उनकी पत्नी अन्दाजी ३५ वर्षीय चान्दी ठाकुरलाई कुटपिट गर्दा ठाकुर दम्पतीको टाउको र शरीरका विभिन्न भागमा चोटपटक लागेको थियो।

घाइते दुवैजनालाई उपचारको लागि प्रादेशिक अस्पतालमा ल्याएकोमा भोगेन्द्रको उपचारको क्रममा मृत्यु भएको हो। १२ बजेर ४५ मिनेटमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रवक्ता अवाले बताए।

प्रहरी प्रवक्ता अवाका अनुसार शव प्रादेशिक अस्पतालमैं रहेको छ भने कुटपिट गर्ने आमाछोरा प्रहरीको नियन्त्रणमा छन्। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको उनले बताए।

## डेङ्गीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं।
- लामखुट्टेको टोकाइबाट बच्न मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू समयसमयमा सफा गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड